डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily .com

जनहितमा जारी सन्देश
- हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका बन्द गरौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
- सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख १९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 01 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३९

## वीरगंजमा सामुदायिकभन्दा संस्थागत विद्यालय बढी

प्रस, वीरगंज, १८ वैशाख/

वीरगंज महानगरपालिकामा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय बढी छन् र त्यसमा अध्ययनरत बालबालिकाको सङ्ख्या पनि बढी छ ।


तस्वीरः फाइल

वीरगंज महानगरपालिका कार्यालय शिक्षा महाशाखाले दिएको तथ्याङ्क अनुसार महानगरमा ९१ वटा सामुदायिक विद्यालय छन्, जसमा ४२ हजार ९०२ जना विद्यार्थी अध्ययनरत छन् । यसको तुलनामा संस्थागत (निजी) विद्यालयको सङ्ख्या भने १३५ छ, जसमा ५८ हजार २३४ जना विद्यार्थी अध्ययनरत छन् ।

शिक्षा महाशाखाले विद्यालयबाहिर एकजना पनि विद्यार्थी नरहेको दाबी गरेको छ । शिक्षा महाशाखाले विद्यालय भर्ना हुने र बीचमा अध्ययन छाडेर बाहिरिने सङ्ख्या रहेको जनाएको छ । शिक्षा महाशाखाले विद्यालय भर्ना हुने, पोशाक, छात्रवृत्ति लिने तर विद्यालयमा वर्ष दिन टिकेर बस्ने सक्ने प्रवृत्ति नदेखिएको जनाएको छ । यो प्रवृत्ति सामुदायिक विद्यालयहरूमा भर्ना भएका दलित परिवारका बालबालिकाहरू बढी देखिएको जानकारी गराएको छ । शिक्षा महाशाखाले सामुदायिक विद्यालयमा २१ हजार ३६३ छात्रा र २१ हजार ५३९ छात्र रहेको बताएको छ ।

संस्थागत विद्यालयमा भने छात्र–छात्राबीचको सङ्ख्यामा ठूलो अन्तर छ । छात्र ३५ हजार ९५० जना छन् भने छात्रा २२ हजार २८४ जना मात्र छन् । शिक्षा महाशाखाले नयाँ शैक्षिक सत्रमा विद्यालयमा कक्षा वृद्धि भएका विद्यार्थीहरूसँग प्रवेश शुल्क लिएको गुनासो नआएको जनाएको छ । अहिलेसम्म नयाँ भर्ना भएका विद्यार्थीबाहेक कसैसँग पनि प्रवेश शुल्क लिएको गुनासो नआएको सो शाखाले जनाएको छ । महानगरले यसअघि नै नयाँ भर्ना हुने विद्यार्थीबाहेक कक्षा वृद्धि भएर माथिल्लो कक्षामा जानेहरूसँग प्रवेश शुल्क नलिन निर्देशन दिएको थियो ।

नयाँ भर्ना भएका विद्यार्थीहरूसँग एक महीनाभन्दा बढीको प्रवेश शुल्क लिन नपाइने र सबै विद्यार्थीसँग दुई महीना बराबरको वार्षिक शुल्क मात्र लिन पाउने व्यवस्था गरिएको सो शाखाले जनाएको छ ।

यस परिधिभन्दा बाहिर गएर कसैले कारोबार गरेको छ भने महानगरमा उजूरी गर्न शिक्षा महाशाखाले सुझाव दिएको छ ।

### बिहीवारदेखि बिहानी कक्षा

गर्मी बढेसँगै महानगरका शैक्षिक संस्थाहरू वैशाख २० गते बिहीवारदेखि बिहान सञ्चालन हुने भएका छन् । वीरगंज महानगर शिक्षा महाशाखाले मङ्गलवार सूचना जारी गर्दै वैशाख २० गतेदेखि बिहानी कक्षा सञ्चालन गर्न महानगर अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई निर्देशन जारी गरेको छ ।

## अलौं, विन्ध्यवासिनी, लालपर्साको हाल साबिक चल्दै


मेन्टेनेन्स नापी कार्यालय, पर्सा र प्रमुख राकेशकुमार झा । तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १८ वैशाख/

मेन्टेनेन्स नापी कार्यालय, पर्सा मातहत रहेका साबिक गाविसहरू अलौं, विन्ध्यवासिनी, लालपर्साको हालसाबिक खुला भएको छ।

उक्त कार्यालयले सम्बन्धित गाविसको हाल स्थानीय तहका वडाहरूमा सूचना प्रकाशित गर्दै हालसाबिक शुरू गरेको कार्यालय प्रमुख राकेशकुमार झाले बताए। तीनवटा गाविसको हालका केही वडामा हालसाबिक शुरू भएको र केहीको विस्तारै हुँदै जाने उनले बताए। तीन महीनाअघि ती ठाउँहरूको नयाँ नापी भइसकेपछि हालसाबिकको काम शुरू भएको उनले जानकारी गराए ।

पुरानो पुर्जा र भोगको जग्गालाई नयाँ नापी गरेर सोही अनुसारको जग्गाको पुर्जा कायम गरिनुलाई हालसाबिक भनिन्छ।

## २१६ किलो गाँजासहित दुईजना पक्राउ

प्रस, निजगढ, १८ वैशाख/

जिल्ला प्रहरी कार्यालय, बाराले २१६ किलो गाँजासहित दुईजना मानिसलाई पक्राउ गरेको छ ।



तस्वीरः प्रतीक

जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले हिजो राति साढे १० बजे इलाका प्रहरी कार्यालय, निजगढ र अस्थायी प्रहरी पोस्ट, रतनपुरको संयुक्त टोलीले निजगढ नगरपालिका–१० लालपार्कस्थित रतनपुरबाट सो परिमाणको गाँजा बरामद गरेको बताए ।

उनले रतनपुरबाट निजगढ जाँदै गरेको ना.५ख ७५५२ नम्बरको ट्रकलाई सूचनाको आधारमा रोकेर चेकजाँच गरिएको र सो ट्रकमा लुकाएर राखिएको अवस्थामा २१६ किलो गाँजा बरामद भएको बताए । उनले ट्रकबाट गाँजा बरामद भएपछि जीतपुरसिमरा उपमहानगरपालिका–२ निवासी ट्रकचालक आकाश भन्ने दीपक कोइराला र ट्रकमा सवार हेटौंडा उपमहानगर–१३ पदमपोखरी बस्ने जीवन घलानलाई पक्राउ गरिएको बताए ।

## एमाले नेतृत्वबाट मात्र देशमा विकास हुने –पोखरेल


तस्वीरः प्रतीक

प्रस, परवानीपुर, १८ वैशाख/

नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले एमालेले सरकारको नेतृत्व गरेमा देशमा विकास र समृद्धि आउने बताएका छन् । वीरगंजमा मङ्गलवार बिहान प्रेस चौतारी, पर्साद्वारा आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरा बताएका हुन् ।

एमालेले आफ्नो रणनीति बनाइ जनहितमा सरकार चलाउने प्रतिबद्धता व्यक्त गर्दै देश विकासमा पहिलेदेखि लागिपर्दै आएको र आगामी दिनमा पनि जनताप्रति जिम्मेवार रहेको उनले बताए। सरकार खस्छ कि रहन्छ भन्ने प्रश्नमा उनले भने– अहिले सरकार फेरबदल हुँदैन । यही सरकारले जनहितमा काम गर्ने र सत्तासाझेदार दलहरूको सोच अनुसार सरकार चलिरहेको छ ।

उपाध्यक्ष पोखरेलले काङ्ग्रेससँग सहकार्य गरेर एमालेले सरकार नबनाउने पुष्टि गरे । माओवादी–काङ्ग्रेस गठबन्धन सरकारविरुद्ध एमालेले अभियान चलाएको र सो अभियान सार्थक साबित भएको उनले बताए । नेता पोखरेलले नेकासँगको सहकार्यमा एमालेले सरकार बनाउने हल्ला मात्र चलेको र त्यसमा सत्यता नरहेको पुष्टि गरे ।

उनले पछिल्लो गठबन्धन अपवित्र थियो किनकि एमालेविना विकास सम्भव हुँदैन र एमालेकै चाहनामा पछिल्लो गठबन्धन भत्किएको र नयाँ समीकरण बनेको बताए ।

पत्रकार सम्मेलनमा एमाले मधेस प्रदेश इन्चार्ज योगेश भट्टराई, पर्सा इन्चार्ज अच्युत मैनाली, सांसद राजकुमार गुप्ता, प्रभु हजरालगायतको सहभागिता थियो। पत्रकार सम्मेलन प्रेस चौतारी पर्साका अध्यक्ष तुलसी भण्डारीको अध्यक्षतामा भएको थियो ।

## एमाले बन्दसत्रः सहमतिबाट जिल्ला कमिटी चयन गरिने

प्रस, परवानीपुर, १८ वैशाख/

नेकपा एमाले, पर्साको नवौं जिल्ला अधिवेशन जारी छ । हिजो सोमवार उद्घाटन सत्र सकिएर मङ्गलवार बिहान ८ बजेदेखि बन्दसत्र शुरू भएको छ ।



तस्वीरः प्रतीक

बन्दसत्रमा जिल्ला कमिटी र पालिका कमिटीको सन्दर्भमा पार्टीको विधान, विधि, प्रक्रियाबारेमा सहभागी प्रतिनिधिहरूलाई जानकारी गराइएको थियो। आज दुई चरणमा बन्दसत्र चलेको थियो। बन्दसत्रबाट अडिटरले पेश गरेका आर्थिक प्रतिवेदन र पर्सा संयोजक डा विश्वम्भर शर्माले प्रस्तुत गरेका राजनीतिक, साङ्ठनिक प्रतिवेदन पारित भएको थियो । यसैगरी, बन्दसत्रका अध्यक्षमण्डलका अध्यक्ष पर्सा इन्चार्ज अच्युत मैनालीको अध्यक्षतामा निर्वाचन कमिटी गठन भएको छ ।

यसैबीच, निर्वाचन कमिटीले आज साँझ निर्वाचनसम्बन्धी सूचना जारी गरेको छ । सो अनुसार भोलि बुधवार वैशाख

.(बाँकी अन्तिम पातामा)

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा सम्पूर्ण श्रमजीवी वर्गमा हार्दिक मङ्गलमय शुभकामना ।
*हाम्रो भेट वैशाख २१ गते शुक्रवार हुनेछ ।*
प्रतीक दैनिक परिवार

## रङ्गपुरमा सेड बजार निर्माणको शिलान्यास

प्रस, पोखरिया, १८ वैशाख/

पटेर्वासुगौली गाउँपालिका–२ रङ्गपुरमा बजार निर्माणको लागि मङ्गलवार शिलान्यास भएको छ ।

लामो समयदेखि रङ्गपुरमा साताको दुई दिन सोमवार र शुक्रवार हाटबजार लाग्दै आएको तर व्यवस्थित बजार नभएको कारण गापाले सो स्थानमा

(बाँकी पाँचौं पातामा)


तस्वीरः प्रतीक

**विचारसार र सूक्तिहरू**

**तिम्रो उज्ज्वलतम दिव्यता भनेको तिमी जे हौ, वास्तवमा त्यो बन्नुमा छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

## बालविवाह

**बालविवाह सामाजिक समस्या भएको छ र यो अहिले मात्र होइन परापूर्वकालदेखि हुँदै आएको छ । ग्रामीण क्षेत्रमा अझै पनि ठूलो मात्रामा बालविवाह हुने गरेको छ । यसो त बालविवाह गर्नु कानूनी अपराध भएको सबैले बुझेका छन् तर पनि बालविवाह भइरहेकाले यसमा सबै वर्गका मानिसको संलग्नता हुने गरेको कुरालाई नकार्न भने सकिन्न । कानूनतः विवाहको लागि २० वर्ष उमेर तोकिएको छ । यो उमेर हदभन्दा बढीमा गर्न सकिन्छ तर कममा गर्दा कानून प्रभावित हुन्छ । विवाहको उमेर २० वर्ष हो भन्ने कुरा प्रायः किशोकिशोरी र उनका अभिभावकलाई जानकारी छ । विद्यालयमा बालविवाहविरुद्ध किशोरकिशोरीलाई जानकारी गराइन्छ भने यसविरुद्धका अभियानहरूबाट उनीहरूका साथै अभिभावकहरू पनि जानकार भइसकेका छन् । तर पनि बालविवाह विविध कारणवश हाम्रो समाजमा भइरहेको छ । घरपरिवारमा केही समस्या भएका, हजुरबुबा/आमाले बढी कर गर्ने तथा अभिभावक आफ्नो दायित्वबाट चाँडो मुक्त हुन खोज्दा अनि छोराछोरीको योग्य जोडी मिलेको आधारमा बालविवाह हुने गरेको पाइन्छ ।**

**अपवादका घटनाबाहेक बालविवाह गर्नबाट अभिभावकलाई रोक्न सक्ने समाज अझै तयार भएको देखिंदैन । गाउँसमाजमा बालविवाहविरुद्ध काम गर्ने गैरसरकारी संस्थाहरूमा कार्यरत सामाजिक कार्यकर्ताहरूका टोल, छिमेक, नातागोता, परिवारमा पनि बालविवाह भइरहँदा रोक्नका लागि सकारात्मक पहल भएको पाईंदैन । यस कारण पनि बालविवाहको उमेर सैद्धान्तिक कुरो हो र व्यवहारमा यस्ता कुराहरू भइरहेका छन् भन्ने मनोविज्ञान अभिभावकमा विकास भएको पाइन्छ । बालविवाहमा दुई परिवारको त संलग्नता देखिन्छ नै समाजको पनि संलग्नता रहने गर्छ । विवाहको कुरो मिलाउने बेलादेखि भोज खाने बेलासम्म समाजको पूर्ण संलग्नता हुन्छ । यसैगरी दुलहा र दुलही पक्षका आफन्त र नातागोता र विवाहमा निम्त्याइएकाहरूको पनि प्रत्यक्ष एवं अप्रत्यक्ष संलग्नता हुन्छ । विवाहको बेला गाउँलेलाई दुलहा र दुलही दुवै पक्षले भोज खुवाउँछन्, भोजमा सबैको सहभागिता पनि हुन्छ । सबैलाई थाहा हुन्छ कि दुलहा को हो र दुलही को हो अनि उनीहरूको उमेर कति हो । यो बालविवाह हो र कानूनसम्मत छैन भन्ने कुरा पनि राम्ररी बुझेका हुन्छन् तर पनि कसैले वास्ता गर्दैन । कतिपय घटनामा बरु बेहुलीले बालविवाहविरुद्ध आवाज उठाएको सुनिएको छ ।**

**अहिले बालविवाह एउटा चुनौतीको रूपमा छ । बालविवाहमा परेका किशोरकिशोरीको शरीर, मनोविज्ञान, चेतना, आर्थिक उपार्जन र अन्य दृष्टिकोणले तयारी पुगेको हुँदैन । यसै कारण विवाहपछि उनीहरूका धेरै किसिमका वृद्धि र विकास रोकिन्छ । असमयमैं बोझ र दायित्व थपिन्छ अनि शरीर र स्वास्थ्यमा असर पुग्छ । बालविवाह रोक्ने प्रयास नभएको पनि होइन, धेरैतिरबाट धेरै पहिलेदेखि प्रयास भएका छन् । प्रयासकै परिणाम पहिलेको तुलनामा बालविवाह निकै कम भएको पनि छ । पछिल्लो दशकमा जसरी बालविवाह रोक्ने प्रयासहरू भएका छन्, त्यसले चेतनाको क्षेत्रमा निकै सकारात्मक नतीजा ल्याएको छ । बालविवाह अपराध हो र यो गर्नुहुँदैन र गर्दा कानूनको चपेटामा परिन्छ भन्नेसम्मको सन्देश प्रवाह भएको छ । यही कारण हो, अहिलेका बालबालिकाहरूले बालविवाहलाई विकृति, अन्धविश्वास तथा सामाजिक समस्याको रूपमा अभिव्यक्त गर्न थालेका छन् ।**

# १८औं लोकतन्त्र दिवससम्म आइपुग्दा

स्वतन्त्र विचार



विनोद गुप्ता

**समग्रमा भन्दा प्रजा, लोक र गण गरी तीनवटै तन्त्र राजनीतिज्ञहरूको मागीखाने भाँडो हुन पुगेको छ र सफलता के भने यिनीहरूले राजनीतिलाई लगानी र करमुक्त उद्योगको रूपमा विकास गर्न भने सफल भएका छन् । त्यसैले अहिलेको राजनीतिक व्यवस्थाको तन्त्र जनताको लागि 'कौवालाई बेल पाक्यो, हर्ष न बिस्मात' जस्तै भएको छ ।**

हाम्रो देशको राजनीतिक इतिहासमा समयसमयमा अनेक परिवर्तनहरू भएका छन् । १०४ वर्षको राणाशासन अन्त्य गरी नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको आन्दोलनको सफलताको खुशियाली मनाउन फागुन ७ गतेलाई प्रजातन्त्र दिवसको रूपमा मनाउन थालिएको पाइन्छ । तर स्व राजा महेन्द्रले २०१७ पुस १ गते नयाँ पञ्चायती संविधान जारी गरेको स्मरण गर्न पञ्चायतकालभरि नै यसलाई संविधान दिवस र फागुन ७ गतेलाई प्रजातन्त्र दिवसको रूपमा मनाउँदै आएको पाइन्छ । वस्तुतः यो पञ्चायती संविधान प्रजातान्त्रिक छ भनेर देखाउन गरिएको हुन सक्छ । त्यसो नहुँदो हो त २०४६ सालमा नेपाली काङ्ग्रेसको नेतृत्वमा भएको जनआन्दोलन फेरि प्रजातन्त्र स्थापनाको लागि नै गर्नुपर्ने थिएन होला । २०४७ मा बहुदलीय व्यवस्थासहितको संवैधानिक राजतन्त्र अङ्गीकार गर्दै नयाँ संविधान जारी भयो । यो संविधान जारी हुँदा अन्य व्यवस्थाका साथ नेपाललाई हिन्दू राष्ट्रको साटो घुमाउरो पारामा धर्म निरपेक्ष बनाउने षडयन्त्र भयो । त्यहाँदेखि नेपालमा शुरू भएको धार्मिक उग्रवाद बढ्दै गएर आज संवेदनशील अवस्थामा पुगेको छ । यो परिवर्तन नै विदेशी राष्ट्रहरूको दबाबको परिणति थियो, जसमा पश्चिमाहरूको विशेष भूमिका थियो । त्यसपछि २०५२ सालमा शुरू भयो तथाकथित माओवादी जनयुद्ध जसमा विभिन्न राष्ट्रहरूले आआफ्नो भूमिका खेले र यसको बीभत्स परिणति राजा वीरेन्द्रको वंशनाशको रूपमा अगाडि आयो । यस हत्याकाण्डको दोषी फेला नपारिए पनि जनताले आफ्नो निर्णय सुरक्षित राखेर उपयुक्त समयमा त्यसको कार्यान्वयन गरेको पाइन्छ ।

२०६१ माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नो हातमा लिएपछि नेपालमा आन्दोलनरत सात राजनीतिक दल र माओवादीका बीच विभिन्न शक्ति केन्द्रको दबाबमा नयाँ दिल्लीमा २०६२ मङ्सिरमा १२ बुँदे समझदारीपत्रमा हस्ताक्षर भएपछि फेरि दोस्रो जनआन्दोलन शुरू भएको हो । १९ दिने त्यस आन्दोलनलाई वसन्तक्रान्ति पनि भन्न थालिएको छ । जसको कारण राजा ज्ञानेन्द्रले जनतासामु घुँडा टेक्नुपरेको थियो । ज्ञानेन्द्रले विघटित प्रतिनिधिसभाको पुनर्स्थापना गर्दै राजनीतिक दलले कोरेको मार्गचित्र अनुसार अगाडि बढ्ने घोषणासमेत गर्नुपरेको थियो । यही घोषणा अनुसार पुनर्स्थापित संसद्ले २४० वर्षदेखि चल्दै आएको राजसंस्थालाई निलम्बन गर्दै प्रधानमन्त्रीलाई नै राष्ट्राध्यक्षको अधिकारसमेत दिएको थियो । २०६२ वैशाख ११ गतेका दिन नै राजाले २०५९ मा विघटन गरेको संसद् पुनर्स्थापनासमेत गरेका कारण नै यस दिनलाई लोकतन्त्र दिवस नामकरण गरी २०६४ सालदेखि मनाउन थालिएको हो । अब देशमा प्रजातन्त्र र लोकतन्त्र गरी दुईवटा दिवस मनाइन्छ । सामान्यरूपमा दुवैको मूल तत्व त जनताद्वारा जनताका लागि भन्ने नै होला तर शाब्दिकरूपमा विचार गर्दा प्रजा भन्ने शब्द मानिस र लोक भन्ने शब्दले मानिस, पशुपक्षीलगायत वनस्पतिसमेतको दायित्वबोध हो कि जस्तो लाग्छ ।

दोस्रो जनआन्दोलनबाट लोकतन्त्र स्थापित भएपछि २०६४ चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन सम्पन्न भयो, जसमा माओवादीले प्रथम स्थान प्राप्त गरे पनि संविधान भने बन्न सकेन । त्यसपछि २०७० मा दोस्रो संविधानसभाको निर्वाचन भयो, जसले २०७२ असोज ३ गते लोकतान्त्रिक सङ्घीय गणतन्त्र नेपालको संविधान जारी गऱ्यो र अब यस दिनलाई हामी संविधान दिवसको रूपमा मनाउँदै आएका छौं । यसका साथै जेठ १५ गतेलाई गणतन्त्र घोषणा भएको दिनको रूपमा स्मरण गरिन्छ । सङ्घीयता त निर्णय जनताको घरदैलामा हुने गरी बनाइएको प्रान्तीय वा प्रादेशिक राज्य समूह हो तर मेरो मनमा उठेको प्रश्न के हो भने प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र गरी तीनवटा उत्कृष्ट व्यवस्था उपभोग गरेर के साँच्चै आज सिंहदरबार जनताको घरआँगनमा पुगेको छ ? पुगेको छ भने जे नाम दिए पनि ठीक, हैन भने नाम फेरिनुको कुनै औचित्य नै छैन ।

विश्वको उत्कृष्टमध्येको एक र दक्षिण एशियाको उत्कृष्ट भनिएको संविधान जारी हुँदा ५४ जना नेपालीको हत्या गरायो । यति त यसभन्दा पूर्वको छवटा संविधान फेरिंदासमेत भएको सम्झना छैन । क्रान्ति गरेर आएको माओवादीहरूकै क्यानटोनमेन्टमा सबैभन्दा बढी भ्रष्टाचार भएको भन्दा पनि कसैले जाँच गरेन । गोकर्ण, पशुपति, वाइडबडी, सुनकाण्ड, नक्कली भुटानी शरणार्थी हुँदै सहकारीसम्म उजागर भएका काण्डहरूलाई हेर्ने हो भने सबै एउटै खालका छन् । अनि कसले कसलाई समात्ने ? भ्रष्टाचारमा दक्षिण एशियामा प्रथम स्थान प्राप्त गरेको हाम्रो यो देशमा लगानी सम्मेलन हुँदैछ । विगतमा भएका दुईवटाको गति हेर्दा त यसमा भारतको तत्परताका कारण केही जलविद्युत् आयोजनाहरू छनोटमा पर्न सक्छन् तर नेपालको आन्तरिक बजारको अवस्था हेरेर धेरै आशावान हुने अवस्था देखिंदैन । कृषिप्रधान भनी घोषणा गरिएको हाम्रो देशमा कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा करीब ३४ प्रतिशतको योगदान छ तर देशको उब्जनीयोग्य जमीनको ३४ प्रतिशत भाग अझैं सिंचाइबाट वञ्चित छन् भने देशलाई आवश्यक पर्ने सात लाख मेट्रिक टन मलखादमध्ये चार लाख मेटन मात्र खरीद गरी दक्षिणी सीमाका नेपालीहरूलाई भारतबाट ब्ल्याकमा किनेर भारतीय एसएसबीको गाली सुन्न बाध्य पारिन्छ अनि चामल, धान, गहुँ, प्याजमा भारतले रोक लगायो भने पाउ पर्ने स्थिति आउँछ । नेपालका चिनी उद्योगहरू २० प्रतिशत क्षमता उपयोगमा चलिरहेका छन् । कृषकहरू भुक्तानीपीडित भएका कारण उखुबाली लगाउन छाडिसके तर सरकार यिनको, मिटरब्याजीको र लघुवित्तपीडितको समस्या समाधान गर्न असमर्थ छ । प्रजातन्त्रकालकै कुरा गर्दा आर्थिक वृद्धिदर ४.५ प्रतिशत औसतमा बढ्न सकेको छैन र ८० करोडलाई सस्तो मूल्यमा रासन उपलब्ध गराएर भारत सरकार ३५०० डलर प्रतिव्यक्ति आय पुऱ्याएर विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्दा पनि गरीब राष्ट्रमा दरिएको छ भने १२०० डलर प्रतिव्यक्ति आयमा हामी कुन स्थानमा छौं ।

समग्रमा भन्दा प्रजा, लोक र गण गरी तीनवटै तन्त्र राजनीतिज्ञहरूको मागीखाने भाँडो हुन पुगेको छ र सफलता के भने यिनीहरूले राजनीतिलाई लगानी र करमुक्त उद्योगको रूपमा विकास गर्न भने सफल भएका छन् । त्यसैले अहिलेको राजनीतिक व्यवस्थाको तन्त्र जनताको लागि 'कौवालाई बेल पाक्यो, हर्ष न बिस्मात' जस्तै भएको छ । गणतन्त्रको स्थापनापछि सङ्घ बनेको साढे आठ वर्ष बितिसक्दा प्रदेशसँग न प्रशासन छ, न प्रहरी । मन्त्रीको त कुरा छाडौं मुख्यमन्त्रीकै कार्यक्रममा जिल्लाका प्रशासन र सुरक्षा प्रमुखहरू सहभागी भएका पाइँदैनन् । प्रदेशमा खट्ने कर्मचारीहरूले आफ्नो बिदा भने सङ्घको हाकिमसँग स्वीकृत गराउने अचम्मको सङ्घीय व्यवस्था एउटा नाटक हो भनेर प्रायः सबैले बुझिसके तर त्यसमा लागेका कार्यकर्ताहरूको लागि केही बजेट विनियोजन गरेर लघु राजनीतिक उद्योग चलाउने व्यवस्थाबाहेक सङ्घीयतामा केही हुन सकेको छैन । उत्कृष्ट संविधानका निर्माताहरू नै अब संसद्मा प्रत्यक्ष निर्वाचन मात्रै हुनुपर्ने माग उठाउन थालेका छन् । यसको एकमात्र ध्येय केही गर्न नसकेको असफलता लुकाउन नयाँ ब्यूहरचना गरेका हुन् ।

तसर्थ दिवस जुनसुकै होस्, जबसम्म त्यसले नाम अनुसारको सार्थकता दिंदैन, त्यसलाई मनाउनु र रमाउनुको कुनै अर्थ छैन । हो एक दिनको विश्राम अनि घरपरिवारसँग समय बिताउन पाइन्छ ।

# उपनिर्वाचनः पुराना दलमैं भरोसा र नयाँको परीक्षण

काठमाडौं, १८ वैशाख/रासस

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य उपनिर्वाचनले प्रमुख दोस्रो ठूलो दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)लाई उत्साहित बनाएको छ । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको उपनिर्वाचनमा प्राप्त जीतले एमाले खुशी बनेको हो ।

एमाले संसदीय दलका प्रमुख सचेतक महेश बर्तौलाले चुनावले आफ्नो दलप्रति आम मतदाताको ठूलो भरोसा रहेको देखाएको प्रतिक्रिया दिए । एमालेको अगुवाइ र उपस्थितिमा देश निर्माण गर्न सकिन्छ भन्ने सन्देश पाएको जिकिर पनि उनले गरे । "अन्य राजनीतिक पार्टीमा सङ्गठित व्यक्तिले पनि 'सूर्य'लाई मत हालेको देखिन्छ । विचारका हिसाबले आफ्नो दलको नेता मान्ने तर मुलुक सञ्चालनको जिम्मेवारीमा एमाले खोज्ने प्रवृत्ति मतदातामा देखियो । यो एमालेका लागि नयाँ जिम्मेवारी पनि हो ।"

यो, आफ्नो दललाई पहिचानविरोधी भनेर समाजमा साम्प्रदायिक विभाजन ल्याउने दूषित मनसाय बोकेकाहरूले लगाएको आरोप जुन अस्वीकृत भयो– उनको भनाइ छ । पहिचानका नाममा अतिवादी प्रवृत्ति समाप्त पारिएको जनाउँदै उनले जनताले युवालाई अनुमोदन गरेको स्पष्ट देखिएको बताए । विधायकको मुख्य भूमिका कानून निर्माण हो, त्यस्तो महत्त्वपूर्ण थलो संसद्मा कानूनी पृष्ठभूमिका प्रतिनिधिलाई नै जनताले रोजेकोमा उनले सन्तुष्टि व्यक्त गरे ।



सुहाङलाई निर्वाचित प्रमाणपत्र प्रदानः इलाम क्षेत्र–२ को प्रतिनिधि सभा सदस्य उपनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का तर्फबाट विजयी हुनुभएका सुहाङ नेम्वाङ्लाई मङ्गलवार मुख्य निर्वाचन अधिकृत केशवप्रसाद घिमिरेले निर्वाचित प्रमाणपत्र प्रदान गर्दै । तस्बिरः रामकुमार लिम्बू/रासस

"प्राप्त मतभारबाट उत्साहित मात्र नभएर दलप्रति देखिएको भरोसालाई डगमगाउन नदिई मुलुकलाई 'सुखी नेपाली समृद्ध नेपाल' निर्माणको राष्ट्रिय सङ्कल्पमा दृढ भएर अघि बढ्छौँ"–उनले भने ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका मुख्य सचेतक हितराज पाण्डेले उपनिर्वाचनबाट देशले राजनीतिक परिपक्वता खोजेको प्रतिक्रिया दिए । उनका अनुसार मुलुकलाई अघि बढाउने दुई/तीन आयाम छन् । "अब सबै मिलेर काम गर्नुपर्छ । देशको समृद्धिका लागि मिलेर जाऔं भन्ने सन्देश पाइएको छ । राजनीतिमा अघि बढ्न त्याग, समर्पण, परिपक्वता आवश्यक हुन्छ भन्ने सन्देश आयो"–उनले भने ।

नेपाली काङ्ग्रेस संसदीय दलका सचेतक सुशीला थिङले आफ्नो दलले निर्वाचनको परिणामलाई सकारात्मक रूपमा ग्रहण गरेको बताए । आफ्नो दल निर्वाचनमा पराजित भए पनि काङ्ग्रेसप्रति जनताको भरोसा कायमै छ भन्ने उनले बताए । "निर्वाचनले एमाले र नेपाली काङ्ग्रेसमैं जनताको भरोसा छ भन्ने देखाएको छ । यसबाट नयाँ राजनीतिक दलको पनि परीक्षण भएको छ"–उनले भने । आफ्ना मतदाता यथावत रहेको र तिनले काङ्ग्रेसलाई माया गरिरहेको जनाउँदै उनले अब पार्टी जनता माझ पुग्न र अलि बढी खट्नुपर्ने आवश्यकता महसूस भएको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रमुख सचेतक सन्तोष परियारले उपनिर्वाचनले सङ्गठन विस्तार र पार्टी बनाउनका लागि जनतासँग लामो संवाद गर्न सन्देश दिएको बताए । "पछिल्लो राजनीतिक परिवर्तनसँगै रास्वपाले जनसमर्थन पाउँछ भन्ने बुझाइ स्थापित गर्न अझ बढी काम गर्नुपर्ने देखियो । त्यो बाँकी काम यथाशीघ्र गरेर अघि बढ्न निर्वाचनबाट सन्देश मिलेको छ ।"

उपनिर्वाचनमा आएको मतमाथि विचारविमर्श र समीक्षा गर्ने ठाउँमा आफूहरूलाई पुऱ्याएको बताउँदै उनले नतीजाबारे सबै आयामबाट सोच्नुपर्छ भन्नेमा दलको आगामी बैठकमा छलफल हुने जानकारी दिए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# आगामी बजेट पर्यटन, सीप विकास र उद्योगमा जोड दिनुपर्ने

काठमाडौं, १८ वैशाख/रासस

सांसदहरूले आगामी आर्थिक वर्षको बजेट खेल पर्यटन, परम्परागत सीप विकास, बन्द भएका उद्योग सञ्चालनलगायतमा केन्द्रित हुनुपर्नेमा जोड दिएका छन्।

राष्ट्रियसभा, विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मङ्गलवार भएको पूर्वबजेट छलफलसम्बन्धी प्रतिवेदन २०८१ मा सहभागी सांसदहरूले विदेश पलायन रोक्नुपर्ने, बजेट फछ्र्योटमा छलफल हुनुपर्ने, रैथाने बीउबिजनको संरक्षणलगायतका विषयमा ध्यानाकर्षण गराएका थिए।

समितिकी सभापति कमला पन्तले धेरै मन्त्रालयले बजेट नै खर्च गर्न नसकेको बताइन्। उनले भनिन्, "धेरै मन्त्रालयले बजेट खर्च गर्न सकेका छैनन्। तलब भत्ता र निर्माणमा मात्रै जोड दिएका छन्। जलवायु परिवर्तनदेखि सामाजिक सुरक्षासम्मका बजेटको कुरा छ, सुशासनप्रति संवेदनशील नभएको भन्ने पनि आएको छ।"

समितिका सचिव डा रोजनाथ पाण्डेले प्रतिवेदन प्रस्तुत गर्दै सम्पूर्ण बजेट अनिवार्यरूपमा जलवायु, लैङ्गिक र दिगो विकास लक्ष्यअनुरूप समेटिनुपर्ने सुझाव दिए। प्रतिवेदनमा भनिएको छ, "दिगो विकास लक्ष्य अनुसार अनिवार्यरूपमा तीन तहका सरकारका बजेट कोडिङ नहुनु, भएको पनि औचित्यपूर्ण नहुनु, बजेट विनियोजन भएको अवस्थामा पनि खर्च हुन नसक्नु, अनधिकृतरूपमा बजेट रकमान्तर गरी खर्च गर्नुजस्ता सरकारी तवरबाट बजेट अनुशासन पालना गरेको पाइएन।"

पाण्डेले भने, "सरकारले वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन बेरुजु फछ्र्योट, राजस्व असुली छानबीन र करका दायरा विस्तार गरी राजस्व वृद्धि गर्नेतर्फ कदम चाल्न जरुरी देखियो। बजेटको मिति नजीएकाले जतिसक्दो छिटो छलफल गरी सुझाव पठाइहाल्नुपर्नेछ।"

प्रतिवेदनमा सुझाव दिँदै सांसद उर्मिला अर्यालले आगामी बजेटले उद्योग सबलीकरणमा जोड दिनुपर्ने बताइन्। उनले भनिन्, "लगानी सम्मेलनले धेरैजसो जलस्रोत, पर्यटन मात्र बढी समेटेको जस्तो लाग्यो। अहिले मुख्य कुरा बन्द भएका उद्योग सुचारु गर्नुपर्नेछ। खर्च उन्मुख भयौं तर प्रतिफलमा सजग हुन सकेका छैनौं।"

सांसद कृष्णप्रसाद पौडेलले श्रमिकको सम्मान नभएकाले विदेश पलायन बढेको बताए। "श्रमको पञ्जीकरण छैन। 'ब्रेन ड्रेन' होइन 'लेबर ड्रेन' भइरहेको छ। व्यावसायिक प्रतिष्ठानले यस्तो श्रम शोषण गरिरहेका छन्। न्यूनतम ज्याला पाएका छैनन्," उनले भने, "किन यहाँ बस्छन् त, भर्ना भएका विद्यार्थी ड्रपआउटको सङ्ख्या बढिरहेको छ। उनीहरूलाई टिकाउने अवस्था के छ, यसमा पनि सोच्नुपर्छ।"

सांसद वामदेव गौतमले आफ्नै देशमा उत्पादन गर्ने वातावरण मिलाउन प्रोत्साहन गर्नुपर्ने बताए। उनले भने, "सामूहिक उत्पादनमा जोड दिनुपर्छ। निर्माण, उत्पादन, वैज्ञानिक खोजमा लाग्नुपर्छ।"

सांसद झक्कुप्रसाद सुवेदीले विकसित देशहरूले प्राथमिकता पत्ता लगाएर काम गरिरहेका र सफल भएको उदाहरण दिँदै भने, "हाम्रो प्राथमिकता के हो? त्यसलाई पहिचान गर्न सक्नुपर्छ। ऊर्जामा धेरै गर्न सकिन्छ, यसले छिटो परिणाम दिन सक्छ।"

# "संविधानको परिकल्पना र प्रेस स्वतन्त्रताको अभ्यासलाई कसैले सीमित गर्न सक्दैन"

काठमाडौं, १८ वैशाख/रासस


तस्वीरः रासस

नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले संविधानको परिकल्पना र प्रेस स्वतन्त्रताको अभ्यासको दायरालाई कसैले पनि सीमित गर्न नसक्ने बताएका छन्।

मङ्गलवार आयोजित नेपाल पत्रकार महासङ्घ रासस प्रतिष्ठान शाखाको १०औँ वार्षिक साधारणसभा तथा नवौँ अधिवेशनमा उनले संविधानको भावना र चलिआएको अभ्यास नकार्दै प्रेस स्वतन्त्रतालाई खुम्च्याउन नमिल्ने जिकिर गरे।

"संविधानले समाचार प्रकाशनमा पूर्वप्रतिबन्ध नलगाइने प्रस्ट व्यवस्था गरेको छ। पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्था संविधानको प्रस्तावनामा छ। हामीले अभ्यास गरिरहेको यो अभ्यासमाथि कहीँ कतैबाट खतराको घण्टी बज्नु उचित होइन," अध्यक्ष पोखरेलले भने।

सञ्चारमाध्यमले गरेको गलतीमा टेकेर पछिल्ला समय समग्र मिडियामाथि प्रतिबन्ध लगाउने वा मिडियालाई खेद्ने र प्रेस स्वतन्त्रतालाई नियन्त्रणमा राख्ने मनसाय प्रकट हुन थालेको उल्लेख गर्दै उनले समाचारका विषयवस्तुको सत्यता पुष्टि गर्ने दायित्व सम्बन्धित सञ्चारमाध्यमकै भएको पनि स्पष्ट पारे।

संविधान र मुलुकको स्वतन्त्र प्रेसले गरिरहेको अभ्यासभन्दा ठूलो र त्यसले निर्माण गरेको फराकिलो आधारलाई खुम्च्याउनका लागि कसैको निर्देशन वा आदेश पर्याप्त हुन नसक्ने उनले बताए।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रेस स्वतन्त्रताको सुई सरकारतर्फ मात्र नतेर्सिने भएकाले यससँग सरोकार राख्ने सबै निकायले गम्भीर भएर सोच्नुपर्ने आवश्यकता औँल्याए। "प्रेस स्वतन्त्रता तथा व्यावसायिक स्वतन्त्रताको पक्षमा महासङ्घ खरोरूपमा उत्रनुपर्छ," महासङ्घका पूर्वअध्यक्ष झाले भने, "प्रत्येक कालखण्डमा श्रमजीवीको मुद्दा उठ्दै आइरहेको छ, त्यस्ता विषयलाई सम्बोधन गर्न महासङ्घ अगाडि आउनुपर्छ।"

पछिल्ला समय प्रेस स्वतन्त्रताको मुद्दा पेचिलो बन्दै गइरहेको उल्लेख गर्दै अध्यक्ष झाले संविधानमा लेखेर मात्रै प्रेस स्वतन्त्रता सुनिश्चित नहुने बताए। उनले पत्रकार महासङ्घलाई साझा चरित्र र स्वरूप भएको संस्थाका रूपमा विकास गरिनुपर्नेमा जोड दिए।

राससको समाचार कक्षलाई पूर्णसमावेशी बनाइएको उल्लेख गर्दै अध्यक्ष झाले समाचारका विषयवस्तुलाई पनि समावेशी बनाएर लैजाने प्रतिबद्धता व्यक्त गरे। पत्रकार तथा कर्मचारीको क्षमता अभिवृद्धि र वृत्तिविकासका लागि व्यवस्थापन क्रियाशील रहेको जनाउँदै उनले राससको समाचार कक्षको स्वतन्त्रतालाई पनि उच्च प्राथमिकता दिइएको बताए।

राससका महाप्रबन्धक सिद्धराज राईले सहमतिबाट नेतृत्व टुङ्ग्याउन आग्रह गर्दै प्रतिष्ठान शाखाबाट रचनात्मक सहयोगको अपेक्षा गरिएको बताए। उनले पत्रकारको वृत्तिविकासमा व्यवस्थापन क्रियाशील रहेको जानकारी गराए। नेपाल पत्रकार महासङ्घका महासचिव रोशन पुरीले पत्रकारितामा देखिएको विश्वव्यापी चुनौतीको सामना गर्दै पत्रकारितामा सूचना प्रविधिको प्रयोगलगायत विषयमा सञ्चारकर्मी सचेत हुनुपर्ने बताए।

महासङ्घ रासस प्रतिष्ठान शाखाका अध्यक्ष पवित्रा गुरागाईंले प्रतिष्ठान श्रमजीवीको पक्षमा सदैव क्रियाशील रहेको बताइन्। कार्यक्रममा प्रेस चौतारी नेपाल रासस शाखाका सल्लाहकार प्रकाश सिलवाल, प्रेस सेन्टर राससका प्रतिनिधि अशोक घिमिरे र प्रेस युनियन रासस शाखाका अध्यक्ष पूर्णप्रसाद मिश्रलगायतले पत्रकार महासङ्घ प्रेस स्वतन्त्रता, पेशागत हकहित तथा श्रमजीवीको मुद्दामा केन्द्रित हुनुपर्ने बताए।

# गर्मीको जोखिममा रहेकालाई सचेत गराइँदै

नेपालगंज, १८ वैशाख/रासस

नेपालगंजमा हिटवेभको जोखिममा रहेका (टिनको छानामुनि बस्ने, गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिकलगायत)लाई सचेत गराउन थालिएको छ। उनीहरूलाई गर्मी र तातो हावाबाट बच्न सचेतना तथा जागरण फैलाउने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी बाँकेले स्वयंसेवकसमेत परिचालन गरेको छ।

चार दिनसम्म नेपालगंज उपमहानगरपालिका-२१ र २२ मा तातो हावाको उच्च जोखिममा रहेका परिवारलाई सचेतना तथा जागरणको काम गर्न लागिएको नेपाल रेडक्रस सोसाइटी, बाँकेका उपनिर्देशक दोलख डाँगीले जानकारी दिए। उनले अपाङ्गता भएका व्यक्तिका घरघरमा पुगी सूचना दिने र तातो हावाको लहरको जोखिमबाट घरायसीरूपमा गर्न सकिने सामान्य सावधानी तथा गर्मीको कारण हुने बिरामीको लक्षण देखिएमा गर्नुपर्ने उपचारका बारेमा सूचित गरिने बताए। यसका लागि दुईवटा वडामा छजना स्वयंसेवक परिचालन गरिँदै छ।

अमेरिकी रेडक्रस, नेपालगंज उपमहानगरपालिका र नेपाल रेडक्रस सोसाइटी बाँकेको संयुक्त साझेदारीमा नेपालगंज उपमहानगरपालिका क्षेत्रमा तातो हावाको लहर 'लू' प्रतिकार्य कार्यक्रम सञ्चालनमा छ। उपनिर्देशक डाँगीले चार दिनसम्मको अवस्था हेरेर पुनः अन्य वडामा पनि सो कार्यक्रम सञ्चालन हुने उल्लेख गर्दै यसबाट किसान, श्रमिक वर्ग, पिछडिएको वर्ग र ज्यालादारीमा काम गर्ने वर्ग सबैभन्दा बढी लाभान्वित हुने बताए।

नेपालगंज उपमहानगरपालिका आपत्कालीन कार्यव्यवस्थापन समितिका सूचना व्यवस्थापन अधिकृत रूपन ज्ञवालीले गर्मी दिन प्रतिदिन बढ्दै गएकोले श्रमिक वर्गका लागि नेपालगंज-२ को रानीतलाउनजीक कुलिङ सेन्टर निर्माण गर्न लागिएको जानकारी दिए। जल तथा मौसम विज्ञान विभागले आगामी पाँच दिनसम्म निरन्तर तापक्रम बढ्ने जनाएको छ। दिउँसो गर्मी र तातो हावाका कारण नेपालगंजको जनजीवन प्रभावित भएको छ।

# काठमाडौंमा बढ्दो वायु प्रदूषण

काठमाडौं, १८ वैशाख/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले काठमाडौंमा वायु प्रदूषण बढेकोले मास्क लगाउन आग्रह गरेको छ। मन्त्रालयले काठमाडौंको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा रहेको उल्लेख गर्दै वायु प्रदूषणबाट जोगिन अनिवार्य मास्क लगाउन आग्रह गरेको हो।

मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले काठमाडौंमा वायु प्रदूषण अत्यधिक रहेकोले सकेसम्म घरबाहिर अनावश्यक ननिस्कन, यात्रा नगर्न र अत्यधिक प्रदूषित क्षेत्रबाट टाढा रहन अनुरोध गरे। विश्वभरिको वायु प्रदूषणको अवस्था मापन गर्ने 'वर्ल्ड एयर क्वालिटी इन्डेक्स-र्‍याकिङ' अनुसार काठमाडौंको वायु विश्वकै अस्वस्थकरको सूचीमा अग्रस्थानमा छ।

"वायु प्रदूषणले मुटु तथा रक्तनली, फोक्सो, मस्तिष्क, आँखा, नाक, कान, घाँटी आदिमा असर पुऱ्याउनुका साथै दम, क्यान्सर आदिको जोखिम पनि बढाउँछ। वायु प्रदूषणले गर्दा कम तौल भएको बच्चा जन्मने र अवधि नपुग्दै बच्चा जन्मने जोखिमसमेत हुन्छ," प्रवक्ता बुढाथोकीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। नेपालमा वायु प्रदूषणबाट बर्सेनि हुने मृत्युमा बढीजसो पाँच वर्षमुनिका बालबालिका, गर्भवती, दीर्घरोगी र वृद्धवृद्धा बढी छन्। यसले नेपालीको औसत आयु चार दशमलव एक प्रतिशतले घटाएको तथ्याङ्क छ।

नेपालमा रुग्णता तथा मृत्युको प्रमुख कारणमा वायु प्रदूषण प्रमुख रहेको विविध तथ्य र अनुसन्धानले देखाएको प्रवक्ता बुढाथोकी बताउँछन्। गर्मी समयमा तराईमा तातो हावा बहने र लू लाग्ने उच्च सम्भावना भएको हुँदा तातो हावा लागेको समयमा अनावश्यक बाहिर हिँडडुल नगर्न तथा झोलिलो पदार्थ पर्याप्त मात्रामा सेवन गर्न गराउन मन्त्रालयले अनुरोध गरेको छ। गर्मी बढेसँगै देशभरका अस्पताल र स्वास्थ्य संस्थामा बिरामीको चाप बढेको मन्त्रालयले जनाएको छ।


**बगरखेतीको हेरचाह गर्नका लागि किसानले बनाएका झोपडीः** शुक्लाफाँटा नगरपालिका-३ स्याली नदी तटीय क्षेत्रमा बगरखेतीको हेरचाह गर्नका लागि किसानले बनाएको झोपडी। बगरमा उत्पादन हुने लौका, काँक्रालगायतका तरकारी चोरी हुनबाट र जङ्गली जनावरबाट जोगाउनका लागि किसानले झोपडीमा बसेर हेरचाह गर्दै आएका छन्।
तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस

# आगलागीसम्बन्धी प्रहरीको अनुरोध

काठमाडौं, १८ वैशाख/रासस

सुक्खा समयमा आगलागी भई जनधनको ठूलो क्षति हुने गरेको स्मरण गराउँदै काठमाडौं उपत्यका प्रहरी कार्यालयले सर्वसाधारणमा १२ बुँदे अनुरोध सार्वजनिक गरेको छ।

चैत, वैशाख र जेठ महिनामा सुक्खा मौसम हुने, हावाहुरी चल्ने, घर, पसल, कार्यालय र वनलगायत विगतका वर्षमा धेरै जनधनको क्षति भएकाले त्यसतर्फ नागरिकलाई सावधानी अपनाउनका लागि सार्वजनिक अपील गरिएको काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दीपक थापाले बताए। उपत्यका प्रहरीले आगो उत्पन्न हुने सलाइ, लाइटर, ग्याँस सिलिन्डर र चुलो बालबालिकाबाट टाढै राख्न, होशियारीपूर्वक प्रयोग गर्न तथा काम सकिएपछि सुरक्षित स्थानमा राख्न पनि अनुरोध गरेको छ।

प्रहरीले विद्युत्जन्य सामग्री (हिटर, गिजर, पङ्खा, आइरन, एसी आदि) लाई काम सकिएपछि बन्द गर्न, एउटा पावर सकेटबाट धेरै पावर चाहिने उपकरण प्रयोग नगर्न, घरमा आगो निभाउने उपकरण राखी परिवारका सदस्यहरूलाई प्रयोग गर्ने तरीका सिकाउन, पूजा कोठामा सिन्के र बाटेको धूप, भान्सामा कोइला, लामखुट्टे भगाउन क्वाइल बालेर छाड्नेजस्ता कार्य नगर्न अनुरोध गरेको छ।

यस्तै, आगलागी वा धुवाँ भएको स्थानबाट बाहिर निस्कनुपर्दा घोप्टो परेर निस्कन, ग्याँस सिलिन्डरमा आगो लागेमा जुटको बोरा वा ब्याङ्केटले सिलिन्डरलाई

(बाँकी पाँचौं पातामा)

# जरलहवागाछीका अग्निपीडितहरूलाई वासको आस

महोत्तरी, १८ वैशाख/रासस

महोत्तरीको मटिहानी नगरपालिका-६ जरलहवागाछीका ११० परिवार अग्निपीडितलाई सुरक्षित वासको टडकारो आवश्यकता छ। अग्निपीडितका लागि खानेकुरा, खाद्यान्न (चामल, दालसहित), लत्ताकपडा र भाँडाकुडा जुटेपनि सुरक्षित बसोवासको व्यवस्था भने हुन सकेको छैन।

पीडितहरूको अबको आवश्यकता सुरक्षित बसोवास नै हो। उनीहरूले एक सातादेखि राम्ररी सुत्न पाएका छैनन्। "जेनतेन खानेकुरा त जुटेकै छ, तर घटनायता हामी राम्ररी सुत्न पाएका छैनौं"–अग्निपीडित सीताराम पासवान भन्छन्–"बालबालिका, बूढाबूढी, सुत्केरी र बिरामीको कन्तबिजोग छ।"

अग्निपीडितका लागि तत्काल वासको प्रबन्ध गर्नुपर्ने मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डलले बताए। "एक सयभन्दा बढी परिवारको व्यवस्थापनको कुरा छ, यो प्रबन्ध मिलाउन केही समय लाग्छ"–उनले भने।

पीडित बस्ती पुगेका मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले वासको प्रबन्ध गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। यसैगरी सङ्घीय सरकार मातहतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विज्ञ टोली यहाँको स्थलगत अवस्था बुझेर फर्केको छ।

बस्तीमा छाप्रो बनाउन बाँस, जस्तापाता, चुलो र ग्याँस, खाट, ओढ्ने/ओछ्याउने लुगा, बालबालिकाका लागि झोला, कापी, कलम, पेन्सिललगायत सामग्रीको आवश्यकता छ। बालबालिका घटनापछि विद्यालय जान सकेका छैनन्। उनीहरूलाई पोशाक, पुस्तक, कापी/कलमजस्ता सामग्रीको अभाव भएको छ।

नगरप्रमुख मण्डल जिल्लास्थित विपद् व्यवस्थापन समिति, रेडक्रससहितका सामाजिक सङ्घ, संस्था र सम्पर्कमा रहेका दाताहरूसँग सहयोग लिनेबारे छलफल भइरहेको बताउँछन्।

# आगलागीबाट घर र फार्म जले

बरहथवा (सर्लाही), १८ वैशाख/रासस

जिल्लाको दुई छुट्टाछुट्टै स्थानमा भएको आगलागीमा दुई घर र दुई कृषि फार्ममा क्षति भएको छ। गए राति सर्लाहीको हरिवन र कविलासीमा आगलागी भएको हो। आगलागीबाट हरिवन नगरपालिका-३ मोहनपुरका रोहन भुजेलको घर र दुईवटा फार्म घर जलेका छन्। भुजेलको बस्ने एउटा घर र बाख्रा र कुखुरापालन गरेको दुईवटा फार्ममा आगलागी हुँदा रु ११ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता दीपक श्रेष्ठले जानकारी दिए।

विद्युत सर्ट भएर आगलागी हुँदा भुजेलको फार्मसहित २६ कुखुरा र २० हाँस मरेका छन्। घर, पशु फार्म र घरको अन्नपात, लत्ताकपडा, भाँडा-बर्तनसहित रु ११ लाख बराबरको क्षति भएको छ। सोही राति कविलास नगरपालिका-१० सलेमपुरको एउटा घरमा आगलागी हुँदा वासुदेव महतोको गोठघर नष्ट भएको छ। आगलागीबाट रु दुई लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। दुवै स्थानको आगो स्थानीय, प्रहरी, हरिवन नगरपालिकाको वारुणयन्त्रको सहायतामा निभाइएको थियो।

# शिक्षा कि भिक्षा

मन्तव्य



कुमार रुपाखेती

**भनिन्छ, शिक्षामा सबै नागरिकको समान पहुँच हुनुपर्छ तर हाम्रो मुलुकमा शिक्षामा असमानता, बेथिति सय जिब्रो भएको शेषनागले समेत वर्णन गर्न सक्दैन। कुनै जमानामा बुर्जुवा शिक्षा भन्दै राजनीति गर्नेहरूका खलक अहिले विदेशी शिक्षा, विदेशी चमकदमकमा रमाएका देखिन्छन्।**

केन्द्रमा गठबन्धनको सरकार बदलिएपछि चर्चित विद्यालय शिक्षा विधेयक–२०८० पनि ठन्डाएको छ। चर्चित मात्र नभई विवादित यो शिक्षा विधेयक शिक्षा सुधारको नाममा भन्दा शिक्षक, कर्मचारी हकहितमा बढी केन्द्रित छ रे। शिक्षामा समेत स्वार्थी समूह, शिक्षा माफियाहरू हावी छन् भन्ने कुरा जगजाहेर छ। विनाकटनी–छटनी र विनासुधार संसद्मा पुगेको यो विधेयक शिक्षक, कर्मचारीहरूलाई खुशी पार्ने कुरामा केन्द्रित र शिक्षाविरोधी जस्तै छ रे। यो सत्य हो कि अन्य प्रमुख कारणझैं सरकारी विद्यालयको पठनपाठनको स्तर घट्नुमा नियमित पठनपाठन नहुनु पनि हो। यसका अन्य थुप्रै कारण भए पनि संसद्मा विचाराधीन विद्यालय शिक्षा विधेयक–२०८० यसबारे मौन छ। जबसम्म नेपाल सरकारले निर्धक्क र स्वतन्त्ररूपमा शिक्षा विधेयक बनाउन असमर्थ रहन्छ तबसम्म विद्यालय शिक्षा सुधार आकाशको फलजस्तै रहन्छ। विद्यालय शिक्षा ऐन निर्माणका बखत विभिन्न शिक्षक सङ्घ, सङ्गठन एक भएर बेसुरा आवाज निकाल्न थालिहाल्छन्। शिक्षकहरू राजनीतिक दलहरूको भरिया बनेको आरोप लाग्दै आएको छ। पेशागत सङ्घ, सङ्गठनहरू राजनीतिक दलहरूतिर अलि बढी नै आकर्षित हुन थालेपछि शिक्षा विज्ञान तथा प्राविधिक मन्त्रालयले यसबारे गम्भीर छलफल थालेको, शिक्षकलाई राजनीतिभन्दा विद्यालय शिक्षामा समर्पित गर्ने वातावरण बनाउने, अटेर गर्ने मास्टर साहेबहरूलाई हदैसम्मको कारबाई गर्ने आदि कुरामा बृहत् काम हुँदैछ रे। विगतमा समेत यस्ता सकारात्मक प्रयासहरू असफल भएका छन्। यस्ता सकारात्मक प्रयासहरू लागू हुन नदिन शिक्षक नेता, पेशागत सङ्घ, सङ्गठन र तिनका गुरु राजनीतिक दलहरूको साँठगाँठ नै हुन्छ। भाँजो हाल्न शिक्षकहरूलाई विभिन्न रङ्गरूप र लेबलमा भर्ना गरिन्छ। करार, राहत, अस्थायी, निजी आदि विभिन्न रूप छन् यसका। भनसुन र 'दे दही ले दही' स्तरमा हुने यस्ता भर्ना–नियुक्तिले योग्यहरू पाखा लाग्ने, पलायन हुने गरेका छन्। शिक्षा सेवाको परीक्षा पास भएर स्थायी दरबन्दी र रवाना लिएर वीरगंज महानगरपालिका आइपुगेका शिक्षक–शिक्षिकाहरूलाई महानगरपालिकाले बेवास्ता गर्दा झन्डै एक महीनादेखि बेखर्ची र विवश भएका छन्। माथिको आदेशलाई लडौटी लगाउने, आधिकारिक शिक्षक–शिक्षिकालाई स्कूलमा हाजिर नगराउनुको थुप्रै कारण छन्। वीरगंज महानगरपालिकाले यहाँका स्कूलहरूमा मनपरी ढङ्गले पहिले नै विभिन्न रङ्गरूपमा शिक्षक भर्ना गरिसकेको र सोर्सफोर्स, भनसुन–धनसुनबाट भर्ना भएका (राम्रा होइन हाम्रा) शिक्षकहरू हटाए राजनीतिमा असर पर्ने भएकोले शिक्षा सेवा पास गरेर आएकाहरूलाई आलटाल गरेर हतोत्साहित पारेर फिर्ता पठाउने प्रपञ्च जारी छ रे! सबैलाई थाहै छ हाम्रो महानगरमा लाटो खान्छ एक बल्ड्याङ बाठो खान्छ तीन बल्ड्याङ भन्ने खालका पढालिखा मूर्खहरूको बोलबाला छ। झन्डै चार दर्जनको सङ्ख्यामा मुलुकका विभिन्न जिल्लाका स्थायी दरबन्दीसहित आएका शिक्षकहरू बेसहारा बनी वीरगंजको सडक गल्लीमा भौंतारिरहेका छन्, कसलाई वास्ता!

वास्तवमा हाम्रा विद्यालयहरू सामुदायिक हुन् कि सार्वजनिक अथवा सरकारी छुट्याउन सक्ने अवस्था नै छैन। महानगरका थुप्रै विद्यालयमा त वडा कार्यालयको कब्जामा छ। कतिपय स्कूलहरू सरकारको लगानीले मात्र चल्ने अवस्था छैन। सरकारले केही वर्षदेखि क्रमशः शिक्षाको बजेट घटाउँदै लगेको छ। २०७४/७५ सालसम्म १७ प्रतिशत रहेको शिक्षा बजेट अहिले घटेर ११ प्रतिशतमा झरेको छ। बजेटको आकार घटेपछि शिक्षाको स्तर कसरी उकासिन्छ? भन्न त सरकारले निश्शुल्क शिक्षा भन्छ तर शिक्षा निश्शुल्क छँदै छैन। बजेट अपुग भएपछि केही असल शिक्षक र विद्यालय व्यवस्थापन समितिले विद्यार्थीहरूबाट न्यून अतिरिक्त शुल्क लिएर विद्यालयलाई राम्रो र स्तरीय पनि बनाएका छन्। तर राम्रो देख्न नसक्नेहरूको षड्यन्त्रले यस्ता असल शिक्षकहरूले अतिरिक्त शुल्क असुलेको आरोपमा अख्तियारको तारिख धाउनु परेको छ। अब भन्नुस् यहाँ राम्रो गर्ने जमर्को कसले र किन गर्ने? पाउरोटी, बिस्कुट, चाउचाउ, कुर्कुरे, चिप्स आदिलाई जङ्कफूड भनिन्छ। जङ्कफूड तयारी र सजिलो खाजा भन्ने प्रचलन छ। कोदो, मकै, फापर, भटमासजस्ता स्थानीय उपजले स्कूलको खाजामा स्थान पाउँदैनन्। अचेल केही पहाडी क्षेत्रका विद्यालयले स्थानीय सिमी, बोडी, मस्याङ र गेंडागेंडी उमालेर दिवा खाजा खुवाउँछन्। कक्षा ५ मुनिसम्म रु १५ का दरले दिवा खाजा रकम सरकारले दिन्छ। जङ्कफूड खाने बच्चाहरूमा पेट दुख्ने, वाक्वाकी लाग्ने, खाना नखाने, अल्सर आदिको लक्षण देखिन्छ। दिवा खाजाको मेनु कुनै विद्यालयले राख्दैन। खाजा मेनु अर्थात् कुन दिन, कुन वार के खुवाउने जानकारी हो। विद्यालयको क्यान्टिनमा जङ्कफूड देखिनेगरी झुन्ड्याएर बेचिन्छ। भनिन्छ कतिपय क्यान्टिनहरूले लुकाएर छिपाएर पानपराग, गुटका र सुर्ती पनि सप्लाई गर्छन् रे।

वर्तमान शिक्षा प्रणालीले त हाम्रो सन्ततिमा नराम्रो असर पार्दैछ। एकपल्ट गुलजारले यस्तो शेर लेखे–

दोस्त ही हैं जो हाल पुछते हैं,
वर्ना बच्चे वसियत पुछते हैं
और रिश्ते हैसियत पुछते हैं। त्यस्तै–
कलम से खत लिखने का रिवाज
फिर आना चाहिए
ये च्याटिङ कि दुनियाँ
फरेब फैला रही है।

शिक्षालाई भिक्षामा परिणत नगरौं। बोल्ने सबै बाठा र नबोल्ने सबै लाटा हुँदैनन् सरकार। भनिन्छ, शिक्षामा सबै नागरिकको समान पहुँच हुनुपर्छ तर हाम्रो मुलुकको सन्दर्भमा शिक्षामा असमानता, बेथिति सय जिब्रो भएको शेषनागले समेत वर्णन गर्न सक्दैन। कुनै जमानामा बुर्जुवा शिक्षा भन्दै राजनीति गर्नेहरूका खलक अहिले विदेशी शिक्षा, विदेशी चमकदमकमा रमाएका देखिन्छन्। चम्किने सबै सुन हुँदैन भनेझैं राजनीति गर्ने र शिक्षण पेशालाई दूषित गर्नेहरूलाई तह लगाउन नसक्ने हो भने गहुँसँगै घुन पनि पिसिएझैं शिक्षा सेवामा समर्पित शिक्षकहरूसमेत पेलाइमा परेर शिक्षा क्षेत्रमा झन् ठूलो गडबडी हुने देखिन्छ।

# आगलागीपीडितको पीडा : सबै जल्यो, के खाने ? कहाँ बस्ने ?

रञ्जीता अधिकारी
देउखुरी (दाङ), १८ वैशाख/रासस

२०८१ वैशाख १६ गते बिहान करीब १० बजेतिर घरदेखि पश्चिमतिरको जङ्गलमा आगो लागेको थियो। सो आगो निभाउन भनेर राजपुर गाउँपालिका–७ हाडबासका खिमलाल खत्री गएका थिए। गाउँले सबै त्यहीं गएका समयमा छिमेकीको एउटा घरलाई आगोले भेट्यो। त्यही आगोले खत्रीको घर पनि भेट्यो। घरभित्र रहेको सबै अन्नपात जलेर छिनभरमैं खरानी भयो। छोरालाई हेभी लाइसेन्स बनाउन भनी ऋण लिएको रु एक लाख र घरमा भएको २० हजार पनि जल्यो। अन्नपातदेखि सबै सामग्री खरानी भयो।

यस्तो होला भनेर सोचेका थिएनौं, अहिले खुला आकाशमुनि बस्नुपरेको छ खत्रीले भने। पाँच बोरा तोरी, मसुरो, चार क्विन्टल आलु थियो, सबै खरानी भयो। घरमा भएको अन्नपात लत्ताकपडा, भाँडाकुँडा केही झिक्न नपाएको उनले बताए। लगाएको लुगाबाहेक केही बचेको छैन। कुखुराको खोर, गाईगोठ र बस्ने घर सबै जलेर आँखै अगाडि खरानी भयो। त्यही खरानीको थुप्रो हेरेर दिनरात कटाउँदैछौं उनले भने।

सोही ठाउँकी लक्ष्मी भण्डारीको घर, गोठ, बाख्राको खोर र कुखुराको खोर जलेर खरानी भएको छ। आगो एक्कासि घरमा आयो, चारैतिरबाट घेरा हालेको आगोको रापले घरभित्र बस्न सकेनौं बाहिर निस्कँदा घरभित्रको सामान सबै जल्यो। सुत्ने खाट, दराज, टेबल सबै जलेर खरानी भयो भण्डारीले भने– "छवटा बाख्रा र पाँच सय कुखुरा पनि जलेर खरानी भए।" आगालागीले सबै जलेपछि केही सामग्री आएको छ, तर पकाउनका लागि भाँडा छैन। उनको जुत्ता–चप्पलसमेत डढेर खाली खुट्टा हिंड्नु परेको थियो।

सोही गाउँकी मिनीकुमारी बोहराको पाँचजनाको परिवार पनि खुला आकाशमुनि बसेको छ। घरको अन्नपात, गोठ बाख्राको खोर सबै जल्यो। मान्छे कसरी सुरक्षित हुने भन्ने मात्रै सोच आयो सबै घरबाहिर रुवाबासी गर्न थाल्यौं। घर नजीकमा पानी पनि छैन केही पर बग्ने राप्तीमा तल झर्ने बाटो छैन त्यहाँबाट पानी ल्याउन सम्भव भएन। गाउँले सबैको घर छिनभरमैं खरानी भयो। घर छेउमा रहेका रूखबिरुवा पनि जलेका छन्।



वडा नं ७ का अध्यक्ष पुस्कर वली घटनास्थलमैं थिए। घटनाबारे जानकारी प्राप्त हुने बित्तिकै त्यहाँ पुगेको उनले बताए। पीडितहरूको उद्धारका लागि उनी लागिपरेका छन्। प्रहरीसँग सहकार्य गरेर क्षति–विवरण सङ्कलन गर्न लागेका छन्। बाटो नहुँदा आगो निभाउन दमकल पुग्न नसकेको उनले बताए।

नजीकै राप्ती नदी छ तर त्यहाँबाट पानी ल्याउन भाँडा नभएको कारण आगो नियन्त्रण हुन नसकेको अध्यक्ष वलीले बताए। आगलागीबाट २३ घर र ११० जना प्रभावित भएका छन्। आगलागी स्थलमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासी परिचालित भएपनि पानीको पर्याप्त स्रोत नहुँदा र भौगोलिक कठिनाइका कारण आगो नियन्त्रणमा ल्याउन कठिनाइ भएको उनले बताए। गाउँको आगो अझै नियन्त्रणमा आउन सकेको छैन। रूखहरू जलेर धूवाँ उडिरहेको छ।

**पानी र बत्तीको समस्या**

गर्मी मौसम शुरू भएपछि जङ्गलमा आगो लाग्यो खानेपानीको पाइप सबै जले। त्यसपछि हाडबासका स्थानीयलाई पानीको समस्या भयो। एक घण्टाको दूरीमा रहेको हाटबास खोलामा बालुवा खोस्रेर बनाइएको जरुवाबाट पानी ल्याएर जीविका चलाएको स्थानीय लक्ष्मी भण्डारीले बताइन्। एक घण्टाको उकालीओराली गरेर ल्याएको पानीले जीविका चलेको छ भण्डारीले भनिन्– "आगलागी भएपछि गाउँमा बिजुलीबत्ती छैन। तीन दिन भयो, बत्ती नभएकोले मोबाइल फोन चार्ज गर्नसमेत गर्न सकेका छैनौं। सञ्चारविहीन भएका छौं।"

**आगलागीपीडितलाई स्वास्थ्य परामर्शमा ध्यान दिन अपिल**

दाङको राजपुर गाउँपालिका–७ हाडबास गाउँवासीले आगलागीबाट ठूलो भौतिक क्षति बेहोर्नुपरेको घटनाप्रति नागरिक समाज दाङले दुःख व्यक्त गरेको छ। वैशाख १६ गते नजीकैको सामुदायिक वनबाट बस्तीमा पसेको आगोले हाडबास गाउँका २३ घरगोठ जल्दा दर्जनौं चौपाया, पक्षी मर्नाका साथै अन्नपात, लत्ताकपडा, भाँडाबर्तन जलेर गाउँ नै खरानी भएको घटनाप्रति दुःख व्यक्त गर्दै पीडित गाउँलेको उद्धारपछिको उचित राहत व्यवस्थापनामा ध्यान दिन सबैमा हार्दिक अपील गरेको छ।

नागरिक समाज दाङका संयोजक नीमबहादुर थापा र सचिव नारायणप्रसाद श्रेष्ठद्वारा सोमवार जारी विज्ञप्तिमा भनिएको छ। पीडादायी घटनाप्रति मानवीय समवेदना आत्मसात गरेर उदार मनले सहयोग कार्यमा जुट्न स्थानीय सरकार, सरकारी, गैरसरकारी कार्यालय, सङ्घसंस्था, व्यापार सङ्घ, रेडक्रस, उद्योगी, व्यवसायी एवं सबै मनकारीमा नागरिक समाज दाङले अनुरोध गरेको छ।

आगलागीका कारण गाउँवासीको बसाइ व्यवस्थापनसँगै खानपानमा ध्यान दिन तथा खानेपानीको पाइप जलेको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि सुरक्षित खानेपानी सहज उपलब्ध गराउन आग्रह गरेको छ। आगलागीका कारण गाउँवासीमा विभिन्न प्रकारका स्वास्थ्य समस्या आउने सम्भावना भएको हुँदा स्वास्थ्य उपचारसँगै स्वास्थ्य परामर्शमा ध्यान दिन पनि समाजले अपिल गरेको छ। विपन्न परिवार बसोवास गर्ने घरको खरको छाना विस्थापन गरी टिन लगाउने अभियान अहिले अलपत्र परेको हुँदा यस प्रकारका विपद्बाट क्षति भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै अविलम्ब खरको छानो विस्थापन अभियान कार्यान्वयन गर्न पनि राज्यका तीन तहका सरकारलाई सचेत गराइएको छ।

बढ्दो गर्मी अनि हावाहुरीले जतातत<br>
(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# गर्मीमा थकान र आलस्य हटाउने खाजा

गर्मीको मौसममा मानिसहरू धेरै थकान महसूस गर्छन्। उनीहरू दिनभर एसी अगाडि ओछ्यान वा सोफामा सुतेर बस्छन्। यस समयमा तातो वातावरणले मानिसको ऊर्जा खोस्छ। यसबाहेक शरीरलाई ऊर्जावान राख्न र शरीरमा



इलेक्ट्रोलाइट्स–सन्तुलन कायम राख्न प्रशस्त पानी पिउनुपर्छ जुन शरीरलाई ऊर्जावान र चार्ज राख्न अति आवश्यक हुन्छ। तर प्रश्न के छ भने गर्मीमा हुने थकान कसरी हटाउने?

यदि तपाई दिनभरि प्रशस्त पानी पिउनुहुन्छ र बीचमा केही स्वस्थ खाजा खानुहुन्छ भने यसले तपाईको शरीरलाई चार्ज राख्न धेरै मदत गर्छ। तर तपाईंले स्वस्थ खाजाको विकल्पहरू छनोट गर्न आवश्यक छ, अस्वस्थ्यकर होइन।

**केरा**: यो उत्कृष्ट फल कार्बोहाइड्रेटले भरिपूर्ण हुन्छ। केरा छिट्टै पच्छ र शरीरलाई लामो समयसम्म ऊर्जा प्रदान गर्छ। भोक लाग्दा केरा खान सकिन्छ।

**हर्बल चिया**: जब तपाई धेरै थकित वा अल्छी महसूस गर्नुहुन्छ भने एक कप हर्बल चिया पिउनुहोस्। ग्रीन टी, क्यामोमाइल चिया, अदुवा–चिया आदि पिउन सकिन्छ।


**भुटेको चना**: स्वादिष्ट र ऊर्जाले भरिपूर्ण भुटेको चनामा क्याल्शियम र प्रोटिनजस्ता आवश्यक पोषक तत्त्वहरू हुन्छन्, जसले शरीरलाई बलियो र शक्तिशाली बनाउन मदत गर्छ।

**गेडागुडी**: शरीरका लागि आवश्यक पोषक तत्त्वका साथै ऊर्जामा भरपूर गेडागुडी र ड्राइफ्रूट्सले शरीरमा लामो समयसम्म ऊर्जा कायम राख्छ।

**जुस, शेक वा स्मूदी**: फलको शेक, जुस वा स्मूदी बनाएर पिउन सकिन्छ। यसमा अलि बढी क्यालोरी हुन्छ, तर यसले शरीरलाई प्रशस्त ऊर्जा प्रदान गर्छ। तौल घटाउँदै हुनुहुन्छ भने यी कुराबाट बच्नुपर्छ।

# एस्ट्राजेनेका खोपले हृदयघात र पक्षघात निम्त्याउन सक्छ

ब्रिटिश औषधि कम्पनी एस्ट्राजेनेकाले कोरोनाविरुद्ध लगाइने आफ्नो खोपले गम्भीर साइड इफेक्ट निम्त्याउन सक्ने कुरा पहिलोपटक स्वीकार गरेको छ। एस्ट्राजेनेको कोभिड–१९ खोपमा थ्रोम्बोसाइटोपेनिया सिन्ड्रोम (टिटिएस)को साथ थ्रोम्बोसिस नामक दुर्लभ साइड इफेक्ट निम्त्याउने क्षमता रहेको कम्पनीले स्वीकार गरेको छ।



कोरोना महामारीको समयमा एस्ट्राजेनेको भ्याक्सिन धेरैजनाले लगाएका थिए। यो खोप भारतको अदार पूनावालाको सिरम इन्स्टिच्युटले उत्पादन गरेको थियो।

अब एस्ट्राजेनेकाले भनेको छ, त्यतिबेला उसको कोरोना भ्याक्सिन कोभिशिल्ड र भाक्सजाभ्रिया विश्वभर बिक्री भएको थियो। मानिसहरूमा रगत जम्नेसहित साइड इफेक्ट हुन सक्ने कम्पनीले स्वीकारेको छ। यसले हृदयघात, ब्रेन स्ट्रोक र कम प्लेटलेट निम्त्याउन सक्छ। यद्यपि भ्याक्सिनबाट हुने साइड इफेक्ट स्वीकारे पनि कम्पनीले यसबाट हुने रोग वा असरमा विश्वास नगर्ने बताएको छ।

के हो मामिला ?

गत वर्ष जेमी स्कट नामक एकजना व्यक्ति रगत जमेको समस्याबाट पीडित भएपछि एस्ट्राजेनेकाविरुद्ध मुद्दा दायर गरेका थिए। स्कटका अनुसार अप्रिल २०२१ मा खोप लिएपछि उनको मस्तिष्कमा रगत जमेको र रगत बग्न थाल्यो, जसले गर्दा मस्तिष्कमा स्थायी चोट लागेको थियो र उनी काम गर्न नसक्ने अवस्थामा पुगे। मे २०२३ मा कम्पनीले भन्यो– टिटिएस सामान्य स्तरमा भ्याक्सिनबाट प्रेरित छैन।

टेलिग्राफको रिपोर्ट अनुसार अदालतमा पेश गरिएको कानूनी कागजातमा एस्ट्राजेनेका औषधि कम्पनीले भनेको छ– यो खोपले धेरै दुर्लभ अवस्थामा टिटिएस निम्त्याउन सक्छ। यसको कारण भने अझै खुल्न नसकेको कम्पनीले जनाएको छ।

बेलायतको एउटा अदालतमा दायर गरिएको मुद्दामा पीडित व्यक्ति र तिनका परिवारले करीब १० करोड पाउण्ड क्षतिपूर्तिको माग गरेका छन्। उनले सत्य हामीसँग रहेको र हामी हार नमान्ने बताएका छन्। कोरोना भ्याक्सिन उपलब्ध गराउन विश्वको सबैभन्दा ठूलो भ्याक्सिन निर्माता सिरम इन्स्टिच्युट अफ इन्डियासँग एस्ट्राजेनेकाले सहकार्य गरेको थियो।

# बेहुलाको नोटको माला देखेर सबै चकित

विवाहको मौसम शुरू भएपछि सामाजिक सञ्जालमा हरेक दिन विवाहसँग सम्बन्धित दर्जनौं भिडियो भाइरल भइरहेका छन्। खासगरी दुलहा–दुलही र विवाहको जन्तीसँग सम्बन्धित भिडियोहरू इन्टरनेटमा धेरै हेरिएका र मन



पराइएका छन्। तिनै भिडियोहरूमध्ये भाइरल भएको एउटा भिडियोमा बेहुला जन्तीसँगै बेहुलीको घर पुगेको देखिन्छ। तर त्यहाँ बेहुलालाई लगाउन तयार पारिएको नोटको माला देखेर धेरैजना आश्चर्यमा परेका थिए।

बेहुलाले भारु ५०० को धेरै लामो नोटको माला लगाएको भिडियोमा देखिन्छ। माला यति लामो थियो कि एकजनाले घरको छतबाट माला समातेर उभिनुपरेको थियो। यो माला बनाउन लाखौं रुपियाँ खर्च भएको हुन सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# गर्मीले तोड्यो ८५ वर्षको रेकर्ड



इजरायलको तेल अभिभमा गर्मी अत्यधिक बढेपछि समुद्र तटमा नुहाउँदै । तस्वीरः एजेन्सी

इजरायल, १८, वैशाख/एएनआई/टिपिएस

मुलुक प्रचण्ड गर्मीले तातेको बेला इजरायलको मौसम विज्ञान सेवा (आइएमएस) ले ग्रेटर मेट्रोपोलिटन क्षेत्रमा ८५ वर्षसम्म रेकर्ड गरिएको वर्षहरूमा बिहीवार अप्रिलको सबैभन्दा तातो दिन भएको बताएको छ ।

आइएमएसले बिहीवार दिउँसो ४०.७ डिग्री सेल्सियस मापन गरेको छ । यो सन् १९३९ मा मापन गरिएको ४०.४ डिग्री सेल्सियसभन्दा धेरै तातो थियो । यभने र नित्जन समुदायमा पनि यस्तै प्रकारको कीर्तिमान तोडिएको आइएमएसले बताएको छ ।

मौसमका बावजूद इजरायलीहरू पासओभर पर्वका लागि एक साताको बिदाको आनन्द लिँदै मुलुकका पार्कमा निक्लेका छन् ।

प्रकृति तथा पार्क प्राधिकरणले दिउँसोसम्म ५५ हजार मानिस पार्क तथा प्राकृतिक आरक्षमा प्रवेश गरिसकेको बताएको छ ।

प्राधिकरणले बाहिरबाट आउनेहरूलाई पर्याप्त मात्रामा पानी र सनस्क्रिन ल्याउन आग्रह गरेको छ । इजरायली तटका सबै समुद्री तटमा पनि मानिसहरूको भीड खचाखच थियो ।

यसैबीच स्वास्थ्य मन्त्रालयले जनता, विशेषगरी वृद्ध, रोगी तथा दीर्घकालीन रोग लागेकाहरूलाई घाममा ननिस्कन र अनावश्यक शारीरिक परिश्रम नगर्न आग्रह गरेको छ । रासस

# चीनको कारखाना गतिविधि लगातार दोस्रो महीना पनि बढ्यो

बेइजिङ, १८ वैशाख/एएफपी

चीनको कारखाना गतिविधि अप्रिलमा लगातार दोस्रो महीना पनि वृद्धि भएको छ । मङ्गलवारको तथ्याङ्कले कमजोर घरेलु माग र खराब रियल स्टेट क्षेत्रसामु विशाल अर्थतन्त्रलाई गति दिन सङ्घर्ष गरिरहेका अधिकारीहरूलाई केही राम्रो समाचार प्रदान गरेको छ ।

राष्ट्रिय तथ्याङ्क ब्युरो (एनबिएस)ले कारखाना उत्पादनको प्रमुख मापन पर्चेजिङ मेनेजर्स इन्डेक्स (पिएमआई) ५०.४ मा आएको छ । यो विस्तार र सङ्कुचनलाई अलग गर्ने ५० को स्तरभन्दा थोरै बढीले हो । मार्चदेखि नै पिएमआई घटेका बेला उक्त तथ्याङ्कले ब्लुमबर्गका विश्लेषकहरूको ५०.३ को पूर्वानुमान पछाडि पारेको र सन् २०२३ को अन्त्यमा शुरू भएको पाँच महीनाको मन्दीपछि वृद्धिको निरन्तरतालाई देखाएको छ ।

सन् २०२२ को उत्तरार्द्धमा कठोर कोभिड नियन्त्रण कदमहरू चालिएपछि अधिकारीहरू आर्थिक पुनरुत्थानलाई बढावा दिन सङ्घर्ष गरिरहेका छन् । चीनले आफ्नो ऋणमा डुबेको रियल स्टेट बजारमा सङ्कटको सामना गरिरहेको छ । हालैका महीनाहरूमा घरको मूल्यमा गिरावट आएको छ भने खुद्रा बिक्री खराब घरेलु मागबाट प्रभावित भएको छ ।

यसैबीच विश्वव्यापी मन्दीका कारण विदेशमा मुलुकको उत्पादनको माग कमजोर भइरहेको छ । "उत्पादन क्षेत्र लगातार सुधार र वृद्धिको अवस्थामा छ"–एनबिएसले एक विज्ञप्तिमा भनेको छ ।

बेइजिङले मार्चको प्रारम्भमा सन् २०२४ मा पाँच प्रतिशत वार्षिक वृद्धि हासिल गर्ने लक्ष्य घोषणा गरेको थियो । उक्त लक्ष्यलाई धेरै अर्थशास्त्रीले महत्त्वाकाङ्क्षी मानेका छन् । अधिकारीहरूले हालैका महीनामा पूर्वाधार खर्च बढाउन र आर्थिक गतिविधिलाई पुनर्जीवन दिन मिश्रित परिणामहरूका साथ लक्षित उपायहरूको शृङ्खला र सार्वभौम बन्ड जारी गर्ने घोषणा गरेका छन् ।

सेवा क्षेत्रको गतिविधिको मापन गर्ने चीनको गैर–उत्पादक पिएमआई अप्रिलमा ५१.२ मा आएको छ । यो मार्चको ५३ र पूर्वानुमानभन्दा कम हो ।

आधिकारिक तथ्याङ्क अनुसार चीनले गत वर्ष ५.२ प्रतिशतको आर्थिक वृद्धि हासिल गरेको छ । महामारीका वर्षहरूका अतिरिक्त सन् १९९० को दशकपछि सबैभन्दा कम विस्तारको प्रतिनिधित्व गरे पनि यसलाई धेरै अर्थशास्त्रीले अत्यन्त धेरै मानेका छन् । रासस

# मस्जिदमा बन्दूक आक्रमण हुँदा छजनाको मृत्यु

काबुल, १८ वैशाख/एएफपी

पश्चिमी अफगानिस्तानमा बन्दूकधारीले एउटा मस्जिदमा आक्रमण गर्दा छजनाको मृत्यु भएको सरकारका प्रवक्ताले मङ्गलवार बताएका छन् ।

गृह मन्त्रालयलका प्रवक्ता अब्दुल मतिन कानीले सोमवार राति करीब नौ बजे हेरात प्रान्तको गजुरा जिल्लामा 'एक अज्ञात हतियारधारीले मस्जिदमा नमाजीहरूमाथि गोली चलाएको' बताए । "छ नागरिक शहीद भए र एकजना घाइते भएका छन्"–मङ्गलवार बिहान उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन् ।

सरकारी बख्तर समाचार एजेन्सीले आक्रमणमा मर्नेहरूको सङ्ख्या त्यति नै भएको उल्लेख गरेको छ । घटना प्रान्तीय राजधानी हेरात शहरको दक्षिणस्थित एउटा जिल्लामा भएको थियो ।

अहिलेसम्म कसैले पनि आक्रमण गरेको जिम्मेवारी नलिए पनि विश्लेषकहरूले इस्लामिक स्टेटको क्षेत्रीय विभाग अफगानिस्तानमा सबैभन्दा ठूलो सुरक्षा खतरा रहेको बताएका छन् । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।


बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

**गौशालाका पशु चौपाया:** गढवा गाउँपालिका–६ मनिकापुरमा स्थापना गरिएको गाई संरक्षण तथा प्रवर्द्धन केन्द्रका पशु चौपाया । यस गौशालामा करीब तीन सय गाई–गोरु रहेका छन् । यहाँ रहेका पशु चौपायाको रेखदेखका लागि पालिकाले तीनजना हेरालुसमेत राखेको छ । तस्बिरः सुशीला ओली/रासस

# बहुदरमाई नपामा विद्यार्थी भर्ना अभियान

प्रस, पोखरिया, १८ वैशाख/

'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षाप्राप्तिको सुनिश्चितता' नाराका साथ मुखदेव सुशीला प्राविधिक माध्यमिक विद्यालय बहुदरमाई नगरपालिका–९ रामनगरीमा विद्यार्थी भर्ना अभियानको लागि र्‍यालीसहितको घरदैलो कार्यक्रम सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

विद्यालयबाट शुरू भएको र्‍याली फूलकौल र रामनगरी गाउँपरिक्रमा गरी विद्यालयमा पुगेर समापन भएको थियो । र्‍यालीमा छोरा–छोरीमा भेदभाव नगरौं, विद्यालय भर्ना अभियान सफल पारौंलगायतका नारा लगाइएको थियो । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक लक्ष्मीकान्त साह, शिक्षक, अभिभावक, विद्यार्थीहरूको सहभागिता थियो ।

# डा. सिंह रहेनन्



प्रस, वीरगंज, १८ वैशाख/

वीरगंजका पुराना रेडियोलोजिस्ट डा रवीन्द्रप्रसाद सिंहको मङ्गलवार साँझ ७४ वर्षको उमेरमा निधन भएको छ ।

विगत एक वर्षदेखि डा सिंह क्यान्सरबाट पीडित थिए । उनको आज साँझ साढे ६ बजे वीरगंजस्थित सूर्या अस्पतालमा निधन भएको नेपाल चिकित्सक सङ्घ, पर्साका अध्यक्ष डा मनोज गुप्ताले बताए ।

सर्लाही जिल्ला घर भएका डा सिंह लामो समयदेखि वीरगंजलाई कार्यक्षेत्र बनाएर चिकित्सा सेवाका साथै समाजसेवामा सक्रिय थिए । उनको हाल वीरगंज महानगरपालिका–११ ओमआश्रममा स्थायी बसोबास थियो । डा सिंह नेपाल चिकित्सक सङ्घ, पर्साको दुईपटक अध्यक्ष भएका थिए ।

### मुलुकको ...

विदेशी पर्यटकको आवागमनमा भएको वृद्धि, आन्तरिक पर्यटनमा भएको वृद्धि जस्ता कारणले चालू आवमा यस क्षेत्रको मूल्य अभिवृद्धिमा उल्लेख्य सुधार हुने अनुमान गरिएको हो ।गत आव २०७९/८० मा यस क्षेत्रको वृद्धिदर १८ दशमलव शून्य तीन प्रतिशत रहने संशोधित अनुमान छ । आव २०७८/७९ को अन्तिम तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर १२ दशमलव ५६ प्रतिशत कायम गरिएको छ । सूचना तथा सञ्चारतर्फ चालू आवमा कुल मूल्य अभिवृद्धि वृद्धिदर ४.९१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ । चालू आवमा कम्प्युटर प्रोग्रामिङ तथा इन्फर्मेशन सर्भिससम्बन्धी क्रियाकलापमा भएको वृद्धि, इन्टरनेट सेवाप्रदायकको कारोबार तथा ताररहित सञ्चार सेवामा भएको वृद्धिको कारणले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि सामान्य बढ्ने प्रारम्भिक अनुमान रहेको छ । घरजग्गा कारोबारको सेवा चालू आवमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर दुई दशमलव ९८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ ।घरजग्गाको कारोबार तुलनात्मकरूपमा कमी भए तापनि निजी आवास तथा भाडाका क्रियाकलापमा भएको बढोत्तरीले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि अघिल्लो वर्षको तुलनामा सामान्यरूपमा बढ्ने प्रारम्भिक अनुमान गरिएको हो । गत आव २०७९/८० मा यस क्षेत्रको वृद्धिदर दुई दशमलव १८ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ । आर्थिक वर्ष २०७८/७९ को अन्तिम तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर एक दशमलव ७२ प्रतिशत कायम गरिएको छ ।

### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A13EXONCM83076, इन्जिन नं DKXCNM37401 भएको मप्र ०३–०२९ प २५४७ नम्बरको २२० सीसीको कालो–रातो रङ्को पल्सर मोटरसाइकल २०८०/१२/२३ गते राति ८ बजे वीरगंज महानगरपालिका–१२ मुर्लीचोकस्थित एभरी डे होटलअगाडि पार्किङ गरेको अवस्थामा चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८०२९४५१९२ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

**-फूलझरीकुमारी कुर्मी**

विश्रामपुर गाउँपालिका-५, बारा

### रङ्गपुरमा ...

व्यवस्थित बजार निर्माण गर्न लागेको हो ।

गापा अध्यक्ष दिनेश चौधरीले धार्मिक पर्यटनको प्रमुख गन्तव्य भुमरीमाई धार्मिक वन क्षेत्रनजीक रहेको रङ्गपुर बजारलाई व्यवस्थित गर्न लागिएको बताए । उनले रु एक करोड १० लाखको लागतमा बजारमा सेड निर्माण गर्न लागेको र यो आगामी असार मसान्तसम्म सकिने बताए ।

उनले चार कट्ठा जग्गा खरीद गरेको र गापाको लगानीमा बजार निर्माण गर्न लागेको जानकारी गराए । गापा अध्यक्ष चौधरी र उपाध्यक्ष ममता महतोले आज संयुक्तरूपमा धार्मिक अनुष्ठानका साथ बजार निर्माणको शिलान्यास गरेका थिए ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | ईश्वरप्राप्ति |
| मिथुन | रोगभय | कर्कट | व्यापारवृद्धि |
| सिंह | अलमल | कन्या | कान्तिक्षय |
| तुला | भयचिन्ता | वृश्चिक | मित्रमिलन |
| धनु | कान्तिक्षय | मकर | सुयश |
| कुम्भ | खर्चवृद्धि | मीन | धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### आगलागी ...

आगलागीको जोखिम कायमै रहेको हुँदा जोखिम बस्तीमा सचेतना अभियान व्यापक बनाउन पनि सरोकारवाला सबैमा नागरिक समाज दाङले ध्यानाकर्षण गराएको समाजका सचिव श्रेष्ठले बताए । साथै, नागरिक समाजले आगलागीको घटनालगत्तै उद्धारमा अहोरात्र खटेर सुरक्षा दिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, स्थानीय सरकार, जनप्रतिनिधि, अमिलियावासी, स्थानीय, पत्रकारलगायत सबैमा आभार प्रकट गरेको छ ।

**आगलागीबाट ८७ लाख ७५ हजार बराबरको क्षति**

गाउँका २८ घरमध्ये २३ घर आगलागीबाट जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय, दाङका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जनकबहादुर मल्लले जानकारी दिए । आगलागीबाट ८७ लाख ७५ हजार बराबरको क्षति भएको प्रारम्भिक अनुमान रहेको प्रवक्ता मल्लले बताए । पीडितलाई राहतस्वरूप घोराहीमा रहेको मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र र वडा कार्यालयले खाद्यान्नसहित चाउचाउ र बिस्कुट, म्याट र त्रिपाल वितरण गरेको थियो ।

### आगलागीसम्बन्धी ...

घ्वाप्प छोप्न र ग्याँस चुलो बाल्नुअगाडि भान्साको झ्याल, ढोका खोली ग्याँस लिक भए, नभएको यकीन गरेर मात्र प्रयोग गर्न पनि प्रहरीले आग्रह गरेको छ । गाईवस्तु चरणका निम्ति राम्रो हुन्छ भनी वनमा डढेलो लगाउने कार्य नगर्न, वनमा पिकनिक गर्दा बालेको आगो र गाईबाख्रा चराउन जाँदा चुरोटका ठुटा पूर्णरूपमा निभाउन पनि प्रहरीले सचेत गराएको छ । प्रहरीले आगलागी भएको जानकारी हुनासाथ प्रहरी कन्ट्रोल १०० र दमकल सेवा १०१ मा जानकारी गराउन अनुरोध गर्दै आगलागी भएमा आफूलाई बचाएर अरूलाई जोगाउन भनेको छ । त्यस्ता विपद्जन्य घटना हुन नदिन र भइहालेमा पनि कमभन्दा कम क्षतिमा नियन्त्रणका लागि नेपाल प्रहरी प्रयासरत रहेको जानकारी गराउँदै एआइजी थापाले उक्त कार्यमा जनस्तरबाटै उच्चस्तरको सहयोगको अपेक्षा पनि राखेको बताए ।

# गर्मीका कारण पोखरी सुकेर धमाधम माछा मर्दै

नितेश कर्ण, वीरगंज, १८ वैशाख/

तराई–मधेसका पोखरी तथा जलाशयहरू सुक्न थालेका छन्। अत्यधिक गर्मीका कारण पोखरीमा पानीको सतह घट्न थालेपछि माछाहरू धमाधम मन थालेका छन्।

सर्लाही जिल्लामा सबैभन्दा बढी माछा उत्पादन हुने चन्द्रनगर गाउँपालिकामा करीब तीन हजार हेक्टर पोखरीमा माछापालन हुने गरेको छ। उक्त गापामा प्रतिदिन ६० क्विन्टलभन्दा बढी माछा उत्पादन हुने गरेको छ।

सिजनमा प्रतिदिन रु २० लाखसम्मको माछा निर्यात हुने चन्द्रनगरका माछापालक कृषकहरू अहिले पोखरी सुकेर माछाहरू मर्न थालेपछि निकै चिन्तित छन्। त्यसले माछाको उत्पादन ह्वात्तै घटेको कृषकहरू बताउँछन्।

बढी आम्दानीका लागि धान, गहुँलगायतका बाली फल्ने जग्गामा पोखरी खनेर माछापालन गरेका कृषकहरू यतिबेला पोखरी सुक्न थालेपछि निराश भएको माछापालक किसान दुलार मुखियाले बताए। तीन महीनाअघि पोखरीमा हालेको माछा तीन सयदेखि आठ सय ग्रामसम्म पुग्न लाग्दा सबै माछा मरेको कृषक मुखियाले बताए।

उनले माछाहरू टाउको, पखेटा र पुच्छरमा रातो भएर छटपटाउने, सुस्त हुने र मर्ने गरेको बताए।

बिक्रीका लागि तयारी अवस्थामा




पुगेका माछाहरू मरेपछि ठूलो आर्थिक समस्या परेको स्थानीय कृषकहरूले गुनासो गरेका छन्।

त्यसैगरी, सर्लाही जिल्लाका नदीहरूमा समेत पानी सुकिरहेको छ। माछा मारेर जीविकोपार्जन गर्दै आएका माझी समुदाय माछा मार्न नपाएपछि वैकल्पिक रोजगारको खोजीमा छन्।

# नक्कली नोटसहित दुईजना पक्राउ




प्रस, वीरगंज, १८ वैशाख/

जिल्ला प्रहरी कार्यालय, पर्साले एक लाख २३ हजार नक्कली नोटसहित एकजना भारतीय र एकजना नेपाली महिलालाई पक्राउ गरेको छ।

सोमवार राति ८ बजे वीरगंज महानगरपालिका–९ घण्टाघरबाट वडा प्रहरी कार्यालय, बिर्ताले पैदल हिंडिरहेका भारत, बिहार, पश्चिमी चम्पारण, बेतिया भावल पञ्चायत बस्ने ३० वर्षीय क्यामुद्दीन मियाँको साथबाट नक्कली नेरु एक हजारको नोट एक थान र बारा, प्रसौनी गाउँपालिका–२ बस्ने ४० वर्षीया हलिमा खातुनको साथबाट नक्कली नेरु एक हजारका १२२ थान गरी एक लाख २३ हजार बरामद भएको प्रहरीले जनाएको छ।

पक्राउ परेका दुवैजनालाई मुद्रासम्बन्धी कसूरमा थप अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ।


## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्याल–ढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## एमाले...

१९ गते अन्तिम मतदाता नामावली प्रकाशन, दाबी, विरोध, उम्मेदवार दर्तासम्मको कार्य हुनेछ। वैशाख २० गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन र साँझ ५ देखि राति ९ बजेसम्म निर्वाचन हुने तालिका छ। यसैगरी, मतगणना वैशाख २१ गते बिहान ७ बजेदेखि शुरू हुने निर्वाचन अधिकृतद्वारा जारी सूचनामा उल्लेख छ। यसबीचमा जिल्ला तथा पालिका कमिटीहरू सर्वसम्मत तरीकाबाट चयन गर्ने गृहकार्य पनि जारी रहेको एकजना स्थानीय नेताले प्रतीकलाई बताए। जिल्ला कमिटीको अध्यक्ष पदमा तीनजना आकाङ्क्षी छन्।

# भारतीय दूतावासद्वारा इन्डिया–नेपाल बिटुबी मिटिङ आयोजना

प्रस, वीरगंज, १८ वैशाख/

काठमाडौंस्थित भारतीय राजदूतावासले नेपाल लगानी बोर्ड र



नेपाल–भारत उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा काठमाडौंमा मङ्गलवार पोस्ट इन्भेस्टमेन्ट समिट इन्डिया–नेपाल बिटुबी मिटिङको आयोजना गरेको छ।

कार्यक्रममा नेपाल–भारत उद्योग वाणिज्य सङ्घकी अध्यक्ष सिर्जना राणाले भारतीय र नेपाली व्यापारीबीच सहकार्यका लागि जलविद्युत्, पर्यटन र कृषि सम्भावना बोकेको क्षेत्रको रूपमा रहेको बताइन्। मिलेनियम इन्डिया इन्टरनेशनल चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष राजदूत अनिल त्रिगुनायतले पछिल्लो द्विपक्षीय कनेक्टिभिटी पहलको सराहना गर्दै भारत–नेपाल आर्थिक साझेदारीलाई अघि बढाउन बिटुबी कनेक्शनको महत्त्व रहेको बताए।

लगानी बोर्डका उपसचिव रमेश अधिकारीले भारतीय लगानीकर्तालाई नेपालमा व्यापार गर्न स्वागत गरे। उनले यही वैशाख १६–१७ गतेसम्म बसेको तेस्रो नेपाल लगानी सम्मेलनमा फलदायी छलफलमा सहभागी भएका एफआइसिसिआई, सिआइआई, आइसिसी र एमआइसिसीआइएका ५० भन्दा बढी सदस्यीय भारतीय प्रतिनिधिमण्डलको प्रशंसा गरे।

बिटुबी बैठकमा नेपाल–भारत उद्योग वाणिज्य सङ्घ र एमआइसिसिआइएबीच सहकार्यका लागि समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको थियो।

नेपालमा लगानी गर्ने भारतीय लगानीकर्ताहरूका लागि लगानी सम्मेलनको एक दिनअगाडि अर्थमन्त्री वर्षमान पुनले सार्वजनिक गरेको तेस्रो संस्करणको पुस्तिकाको प्रतिलिपि भारतीय प्रतिनिधिमण्डललाई उपलब्ध गराइएको थियो।

कार्यक्रममा ऊर्जा, कृषि, निर्माण, पर्यटन, कोल्ड चेन, मेडिकल उपकरण, वित्त, परामर्श र कानून क्षेत्रलाई समेट्दै सो बैठकमा मिलेनियम इन्डिया इन्टरनेशनल चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज र नेपाल–भारत उद्योग वाणिज्य सङ्घका प्रतिनिधिहरू सहभागी रहेको नेपालस्थित भारतीय राजदूतावास काठमाडौंले जनाएको छ।

# मुलुकको अर्थतन्त्रको आकार ५७ खर्ब चार अर्ब हुने प्रक्षेपण

काठमाडौं, १८ वैशाख/रासस

चालू आर्थिक वर्षमा आर्थिक वृद्धिदर तीन दशमलव ८७ प्रतिशत हुने प्रक्षेपण गरिएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलवार वार्षिक राष्ट्रिय तथ्याङ्क सार्वजनिक गर्दै आर्थिक वृद्धिको प्रक्षेपणबारे जानकारी गराएको हो।

चालू आवमा नेपालको अर्थतन्त्रको आकार रु ५७ खर्ब चार अर्ब बराबर हुने विवरणमा उल्लेख छ। आव २०७९/८० मा अर्थतन्त्रको आधार रु ५३ खर्ब ४८ अर्ब रहने संशोधित अनुमान छ। आव २०७८/७९ मा अर्थतन्त्रको आकार रु ४९ खर्ब ७६ अर्ब रहेको अन्तिम विवरण सार्वजनिक गरिएको छ।

चालू आवमा कृषि क्षेत्रको तीन दशमलव शून्य पाँच प्रतिशत र गैरकृषि क्षेत्रको तीन दशमलव ७५ प्रतिशत वृद्धिदर हुने प्रारम्भिक अनुमान गरिएको छ। संशोधित विवरण अनुसार गत आव २०७९/८० मा कृषि क्षेत्रको वृद्धिदर दुई दशमलव ७६ प्रतिशत र गैरकृषि क्षेत्रको वृद्धिदर दुई दशमलव १३ प्रतिशत रहने अनुमान गरिएको छ।

त्यसैगरी, अन्तिम विवरण अनुसार आव २०७८/७९ मा कृषि क्षेत्रको वृद्धिदर दुई दशमलव ३५ प्रतिशत र गैरकृषि क्षेत्रको वृद्धिदर छ दशमलव ५४ प्रतिशत कायम हुने तथ्याङ्क सार्वजनिक गरिएको छ।

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र, द्वितीय क्षेत्र र सेवा क्षेत्र गरी प्रमुख तीन समूहमा विभाजन गरेर अध्ययन गरिएको कार्यालयले जनाएको छ। चालू आवमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः तीन दशमलव शून्य तीन प्रतिशत, एक दशमलव २० प्रतिशत र चार दशमलव ५० प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ।

संशोधित विवरण अनुसार गत आव २०७९/८० मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः दुई दशमलव ७२ प्रतिशत, एक दशमलव ४० प्रतिशत र दुई दशमलव ३६ प्रतिशत रहने अनुमान गरिएको छ। त्यसैगरी, अन्तिम विवरण अनुसार आव २०७८/७९ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः दुई दशमलव ५० प्रतिशत, १० दशमलव ७९ प्रतिशत र पाँच दशमलव ३२ प्रतिशत कायम हुने तथ्याङ्क सार्वजनिक गरिएको छ।

खानी तथा उत्खनन क्षेत्रको चालू आवको कुल मूल्य अभिवृद्धि वृद्धिदर दुई दशमलव ३१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। निर्माण क्षेत्रमा सामान्य गिरावट भए तापनि खानी तथा उत्खनन क्षेत्रको रोयल्टी सङ्कलनमा गत आवको तुलनामा उल्लेख्य सुधार भएकोले यस क्षेत्रको मूल्य अभिवृद्धिको वृद्धिदर चालू आवमा अघिल्लो आर्थिक वर्षको तुलनामा सुधार हुने अनुमान गरिएको हो।

गत आव २०७९/८० मा यस क्षेत्रको वृद्धिदर शून्य दशमलव ९८ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आव २०७८/७९ को अन्तिम तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर आठ दशमलव ८४ प्रतिशत कायम गरिएको छ।

चालू आवमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर ऋणात्मक हुने प्रारम्भिक अनुमान छ। निर्माण तथा व्यापार क्षेत्रमा सुधार हुन नसक्दा वस्तु तथा सेवाको समग्र मागमा कमी आएका कारण उत्पादनमूलक उद्योगले पूर्ण क्षमतामा उत्पादन गर्न नसकेकाले यो क्षेत्रको वृद्धिदर ऋणात्मक हुने अनुमान गरिएको हो। साथै, पछिल्लो समयमा अर्थतन्त्रमा सिर्जित विभिन्न प्रतिकूलताले विश्वव्यापीरूपमा अर्थतन्त्रमा उल्लेख्य सुधार आउन नसकेको अवस्थामा नेपालका उद्योगहरूको उत्पादनमा समेत सङ्कुचन देखा पर्ने अनुमान गरिएको हो।

चालू आवमा आवास तथा भोजन सेवाको कुल मूल्य अभिवृद्धि वृद्धिदर २१ दशमलव ८४ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ।

(बाँकी पाँचौं पातामा)



वीरगंज महानगर–२९ मुसैलीमा मङ्गलवारदेखि विष्णु महायज्ञ शुरू भएको छ। मङ्गलवार बिहान भेडाहा खोलाबाट जल भरेर भक्तजनहरूले कलशयात्रा निकालेका थिए। वैशाख २७ गतेसम्म हुने महायज्ञमा रामलीला, खेलतमाशा, सांस्कृतिक कार्यक्रमको व्यवस्था रहेको विष्णु महायज्ञ समितिका अध्यक्ष रविकुमार साहले जनाएका छन्। तस्वीरः नरेश यादव